# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ८२ | काठमाडौं | सोमबार, ३० असार २०८२ | Prabhab National Daily | Monday, July 14, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# ढिला आएको काठमाडौंको बजेट निरन्तरतामै केन्द्रित

## आगामी आवको बजेट २५ अर्ब ७६ करोड



- चालु आर्थिक वर्षको तुलनामा ८५ अर्ब ८० करोड बढीको बजेट सार्वजनिक
- चालु आवमा २४ अर्ब ९० करोड ६३ लाखको बजेट कार्यान्वयन गरेकोमा आगामी आवका लागि २५ अर्ब ७६ करोड ४३ लाखको बजेट प्रस्तुत
- चालु आवमा पुँजीगततर्फ विनियोजित १५ अर्ब छ करोड ५६ लाख बजेटको आधाभन्दा कम अर्थात् छ अर्ब ७३ करोड ७४ लाखमात्र खर्च

■ विविशा पौडेल

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार रूपैयाँको बजेट ल्याएको छ। उपप्रमुख सुनिता डंगोलले आइतबार महानगरको १७औं नगरसभाको पहिलो बैठकमा आर्थिक वर्ष २०८२/८३ को बजेट सार्वजनिक गरेकी हुन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था मिच्दै महानगरले आर्थिक वर्ष सकिन तीन दिन बाँकी हुँदा बल्ल बजेट ल्याएको हो। असार १० मै ल्याउनुपर्ने बजेट महानगर प्रमुख बालेन्द्र साह र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंबीचको टकरावका कारण रोकिएको थियो।

उपप्रमुख डंगोलले बजेट प्रस्तुत गर्ने क्रममा महागनरको कमजोरीका कारण बजेट ल्याउन ढिला भएकोमा माफी मागेकी थिइन्। 'विगतका दिनहरूमा हामीबीच केही अविश्वास र केही तीतामिठा अनुभवहरू प्रस्तुत भए। आरोपप्रत्यारोप पनि भए,' उनले भनिन्, 'समयमै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सभामा पेस गर्न नसकेकोमा व्यक्तिगत र नगरसभाका सदस्यहरूको तर्फबाट क्षमायाचना गर्दछु।' आइतबारको नगरसभालाई सम्बोधन गर्ने क्रममा पनि महानगर प्रमुख साहले प्रमुख प्रशासकीय अधिकृत गुरागाईंको नाम लिएनन्।

बजेटको स्रोतमध्ये काठमाडौं महानगरपालिकाको आन्तरिक आय र बैंक मौज्दातबाट २० अर्ब १२ करोड ६४ लाख रूपैयाँ व्यहोरिने जनाइएको छ।

क्रमशः पृष्ठ २ मा

## कामपाको नीतिः रात्रिकालीन पर्यटनदेखि 'आइटी हब'सम्म

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा महानगरभित्र रात्रिकालीन पर्यटन प्रवर्द्धनदेखि 'आइटी हब'को रूपमा स्थापित गर्ने योजना अघि सारेको छ। महानगर प्रमुख बालेन्द्र साहले आइतबार महानगरको १७औं नगरसभामा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस्तो योजना ल्याएका हुन्।

उनले विगतका नीति तथा कार्यक्रमलाई समीक्षा गरी अपूरा कार्यनीतिलाई निरन्तरता दिइने बताए।

क्रमशः पृष्ठ २ मा

# 'घुस डिल' प्रकरणले मन्त्री गुप्ताको पद धरापमा

- संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको ७८ लाख 'घुस डिल' गरेको अडियो सार्वजनिक भएपछि सुशासनको नारामा उठ्यो प्रश्न
- आफूलाई भ्रष्टाचारविरोधी भन्न रूचाउने प्रधानमन्त्री केपी शर्मा ओली मौन रहेकोप्रति प्रतिपक्षी सांसदहरूको आपत्ति
- नागरिक उन्मुक्तिकी अध्यक्ष तथा पूर्वमन्त्री रञ्जिता श्रेष्ठ चौधरीसँगै भूमि व्यवस्थामन्त्री बलराम अधिकारी पनि मुछिए



■ जेबी योञ्जन

**काठमाडौं–** आफूलाई भ्रष्टाचारविरोधी भन्न रुचाउने प्रधानमन्त्री केपी शर्मा ओली संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले ७८ लाख रूपैयाँको 'घुस डिल' गरेको अडियो सार्वजनिक हुँदा पनि अस्वाभाविकरूपमा मौन छन्। अडियो आफ्नो नभएको दाबी गरे पनि मन्त्री गुप्ताले पैसाको पोका भैंसेपाटीस्थित मन्त्रीक्वाटरमा छाडिएको अवस्थामा भेटिएको स्वीकारेका छन्।

यो प्रकरणमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारी पनि मुछिए छन्। तर, 'म भ्रष्टाचार गर्दिनँ, अरुलाई पनि गर्न दिन्नँ', 'भ्रष्टाचारीको मुख पनि हेर्दिनँ' भन्ने प्रधानमन्त्री ओलीले आफ्ना मन्त्रिपरिषद्का सदस्य गुप्तालाई कारबाही गर्नेबारे एक शब्द बोलेका छैनन्। संसद्मा विपक्षी दलहरूले मन्त्रीकै घुस डिल गरेको अडियो सार्वजनिक भएपछि प्रधानमन्त्री ओलीको जवाफ मागिरहेका छन्। सामान्य प्रशासनमन्त्री गुप्ताले अडियोमा 'बा' भनेकाले प्रधानमन्त्री ओली नै कतै संलग्न त छैनन्? यसबारे पनि विपक्षी सांसदहरूले प्रश्न गरेका छन्।

प्रधानमन्त्री ओलीका सचिवालयमा रहेका एक सदस्यका अनुसार प्रधानमन्त्री ओलीले मन्त्री गुप्तासँग यस विषयमा कुरा गरेका छन्। कुराकानीका क्रममा गुप्ताको जवाफसँग प्रधानमन्त्री ओलीले चित्त बुझाएका छैनन्। ती सचिवालय सदस्यको दाबिमा मन्त्री गुप्तालाई राजीनामा गराउन वा हटाउन 'एक्सन' लिने तयारीमा प्रधानमन्त्री छन्।

'मन्त्रीज्यूसँग सम्माननीय प्रधानमन्त्रीज्यूको कुरा भएको छ। तर, मन्त्रीज्यूको जवाफबारे प्रधानमन्त्रीज्यू सन्तुष्ट हुनुहुन्न। अब कस्तो एक्सन लिनुहुन्छ,' ती सचिवालय सदस्यले प्रभावसँग भने।

मन्त्री गुप्ताको अडियो गएको पुस २८ गतेको हो। उनले घुस प्रकरणमा नागरिक उन्मुक्ति पार्टी (नाउपा)की अध्यक्ष रञ्जिता श्रेष्ठलाई मुछेका छन्। उनले आफूलाई फसाउन श्रेष्ठले ल्याएका मान्छेले पैसा छडेर गएको दाबी गरेका छन्। मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्नका लागि ५३ लाख रूपैयाँ र भूमि आयोग कास्कीका जिल्ला अध्यक्ष नियुक्तिका लागि २५ लाख रूपैयाँ गरी ७८ लाख रूपैयाँ लेनदेन गरेको अडियो हालै सार्वजनिक भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा यो प्रकरणबारे उजुरीसमेत परेको छ। यहीबेला संसद्मा सामान्य प्रशासनमन्त्री मात्रै नभएर प्रधानमन्त्री ओलीमाथिसमेत प्रश्न उठेको छ। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसदले मन्त्रिपरिषद्का सदस्यले ७८ लाखको घुस डिल प्रकरणमा प्रधानमन्त्री ओली मौन रहनु गम्भीर विषय भएको बताएका छन्।

आइतबार प्रतिनिधिसभा बैठकमा बोल्दै माओवादी सांसद दुर्गा राईले भनिन्, 'मन्त्रीको ७८ लाख घुस डिल प्रकरण भन्ने विषय सामान्य प्रशासन मन्त्रीजीको मात्रै नभएर सम्माननीय प्रधानमन्त्रीजीको विषय पनि हो।' कुनै मन्त्रीको विषय विवादित भए सम्बन्धित मन्त्री र प्रधानमन्त्रीले सोच्ने विषय भएको उल्लेख गर्दै उनले प्रश्न गरिन्, 'सरुवा लगायतका विषयहरूमा घुस प्रकरणको डिलको अडियोहरू सार्वजनिक भइरहँदा सरकार चुप लागेर बस्ने हो? मन्त्रीको घुस डिलको विषय बाहिरिएपछि एक्सन लिनुपर्छ कि पर्दैन?'

क्रमशः पृष्ठ २ मा

## आरोप पुष्टि गर्न चुनौती

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले घुस डिलको अडियो प्रकरणमा आफ्नो संलग्नता पुष्टि गर्न चुनौती दिएका छन्।

उनले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै प्रतिष्ठा हरण र निराधार आरोपको पुष्टि हुने आधार खोज्न सञ्चारमाध्यमसँग आग्रह गरेका हुन्। उनले अडियोमा भएको आवाज सूचना प्रविधि (एआई) को दुरूपयोग गरी निकालिएको दाबी गरेका छन्।

'केही दिन अघिदेखि मसँग जोडिएर सिलसिलेवाररूपमा सरुवा, नियुक्तिलगायतमा घुस बार्गेनिङ,

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# श्रमिकको उद्धारमा महत्त्वपूर्ण भूमिका खेलेको एनआरएनएको दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** डा. बद्री केसी नेतृत्वको गैरआवासीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका श्रमिकहरूको उद्धार तथा सामाजिक सुरक्षामा संघले महत्त्वपूर्ण काम गर्दै आएको बताएका छन्। आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले संघले श्रमिकहरूको हितमा काम गर्दै आएको दाबी गरेका हुन्।

'वैदेशिक रोजगारमा समस्यामा परेका श्रमिकहरूको उद्धार तथा सामाजिक सुरक्षामा र प्रवासी नेपालीहरूको हितमा संघले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ,' उनले भने। नेपाली दुतावासको समन्वयमा युक्रेनमा अलपत्र परेका दुई श्रमिकलाई स्वदेश फर्काउन सहयोग गरिएको संघले जनाएको छ। श्रमसम्बन्धी नीतिगत सुधारका लागि सरकारसँग सहकार्य भइरहेको पनि जानकारी दिइएको छ।

'संघले अन्तर्राष्ट्रिय सम्मेलनहरूमा श्रम आप्रवासन र डायस्पोराका विषयमा आफ्नो धारणा राख्दै सुरक्षित आप्रवासन र सामाजिक सुरक्षामा योगदान पुऱ्याएको छ। साहित्य, संस्कृति प्रवर्द्धनमा पनि बेलायतका साहित्यकारलाई पुरस्कार प्रदान गरिएको छ। संघले नीति संवादका माध्यमबाट सरकारसँग उच्चस्तरीय छलफल गर्दै आर्थिक विकास तथा लगानी प्रवर्द्धनमा ऐतिहासिक पहलहरू गरेको छ,' संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ।




> वैदेशिक रोजगारमा समस्यामा परेका श्रमिकहरूको उद्धार तथा सामाजिक सुरक्षामा र प्रवासी नेपालीहरूको हितमा संघले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छः **एनआरएनए**

सोही पत्रकार सम्मेलनमा संघको १२औं महाधिवेशन तथा विश्व सम्मेलनको तयारीमा रहेको जानकारी दिइएको छ। हाल सदस्यता वितरण भइरहेको र सदस्यता व्यवस्थापन प्रणालीमार्फत ७२ हजार सदस्य बनिसकेका संघले दाबी गरेको छ। 'लगभग पाँच हजार स्वीकृत हुन बाँकी छन्, यो वास्तवमै उत्साहजनक सदस्यता हो,' संघको भनाइ छ।

संघले अधिवेशन प्रयोजनका लागि अधिवक्ता डा. राजेन्द्र घिमिरेको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको पनि जानकारी दिएको छ। समितिमा चिरञ्जीवी ढकाल, टिबी कार्की, प्रितम श्रेष्ठ, होम पाण्डे, प्रकाश सापकोटा र रजनी प्रधान सदस्य रहेका छन्। यस्तै, संघको निर्वाचन प्रक्रिया अनुगमन गर्न रामप्रताप थापाको संयोजकत्वमा निर्वाचन अनुगमन समिति गठन गरिएको छ। उक्त समितिमा संजय थापा, टेकराज निरौला, कमलमणि गुरागाईं, नारायण काफ्ले, अतुल कोइराला र मुक्त गुरुङ सदस्य छन्।

## प्रगतिशील मञ्चद्वारा सय संख्याको बाध्यता हटाएकोमा धन्यवाद

**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले सय संख्याको प्रावधान हटाउनेसम्बन्धी विधेयक पारित गरेकोप्रति संघीय संसद्लाई धन्यवाद दिएको छ। मञ्चका अध्यक्ष जनक रावलले आइतबार एक विज्ञप्ति जारी गर्दै बाध्यकारी व्यवस्था हटेकोप्रति खुसी व्यक्त गरेका हुन्।

'आजको प्रतिनिधिसभा बैठकबाट वैदेशिक रोजगार व्यवसायीलाई बाध्यात्मकरूपमा वार्षिक १०० जना श्रमिक पठाउनुपर्ने व्यवस्थालाई हटाउने ऐतिहासिक निर्णय भएको छ। यो परिवर्तनले लामो समयदेखि व्यवसायीले भोग्दै आएको अन्यायपूर्ण, विभेदकारी र अव्यवहारिक कानुनी प्रावधान अन्त्य भएको छ,' विज्ञप्तिमा भनिएको छ।

मञ्चले उक्त निर्णयका लागि नेतृत्व गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र मन्त्रालय, प्रतिनिधिसभा र राष्ट्रिय सभाका सांसदहरू, कानुन समितिमा छलफल र पैरवी गर्न भूमिका निर्वाह गर्ने सबैलाई आभार व्यक्त गरेको छ।

'२०७४ सालपछिको यो बाध्यता ऐनको दफा ८२ (बाधा अड्काउ फुकाउ) का माध्यमबाट राहत दिने पूर्वनेतृत्व, निरन्तर पहल, संवाद र कानुनी प्रक्रियामार्फत यस विषयलाई कानुनी संशोधनमा पुऱ्याउन सफल नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निवर्तमान नेतृत्व धन्यवादका पात्र हुनुहुन्छ,' मञ्चको विज्ञप्तिमा उल्लेख छ।




## पृष्ठ १ बाट क्रमशः

### 'घुस डिल'...

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले भूमि व्यवस्था तथा सहकारीमन्त्रीलाई पनि छानबिनको दायरामा ल्याउनुपर्ने माग गरे । 'संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री र भूमि व्यवस्था तथा सहकारी मन्त्रीको घुस डिल प्रकरणको विषय आएका छन् । तीबारे प्रधानमन्त्रीले सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराउन चाहन्छु,' पाण्डेले भने ।

माओवादीकै सांसद सूर्यमान दोङ तामाङले भ्रष्टाचारसँग मन्त्रीको सम्बन्ध के हो भनेर सरकारसँग जवाफ माग गरे । उनले भने, 'भ्रष्टाचार र मन्त्रीहरूबीचको सम्बन्ध के हो ? यसमा स्पष्ट हुन चाहन्छौं ।' अर्का माओवादी सांसद रेखा शर्मा, सुदन किराती र ज्ञानु बस्नेत सुवेदीले घुस डिल प्रकरणमा मुछिएकाहरूमाथि छानबिन गर्नुपर्ने माग गरे ।

रास्वपा सांसद सुमन श्रेष्ठले पनि घुस प्रकरणको अडियोमा 'बा' भनिएकाले त्यो बा को हुन् भन्दै प्रश्न गरिन् । 'आफूअनुकूल मान्छे, आफूअनुकूल कानुन । एउटा मन्त्रीले अर्को मन्त्रीलाई पोलेको छ- यसको छानबिनको हामी माग गर्छौं । सम्बन्धित ठाउँ भनेको कसको ठाउँ हो, कुन ठाउँ हो ? अडियोमा बा भनेको को हुन् ?,' सुमनाले सोधेकी छन् ।

संसद्मा घुसको अडियोले हंगामा हुँदा उता उजुरी परेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ । घुस प्रकरणमा मुछिएका मन्त्री गुप्ता पर्सा-३ बाट निर्वाचित एमाले सांसद हुन् ।

यसअघि भिजिट भिसा प्रकरणमा घुस लिने कार्य गृहमन्त्री रमेश लेखकले सेटिङमा गरेको भन्दै आलोचना भएको थियो । उनको राजीनामा माओवादी, रास्वपा, राप्रपा, नेकपा एकीकृत समाजवादीलगायत दलका सांसदहरूले मागे तर दिएनन् । यसरी करिब एक महिनाको बीचमा ओली सरकारका एकपछि अर्को मन्त्री घुस प्रकरणमा मुछिएका हुन् ।

### आरोप...

रकम लिएको जस्ता प्रायोजित समाचारहरू केही मिडियाहरूमा आएका छन् जुन मेरो लागि गम्भीर छन्,' मन्त्री गुप्ताले लेखेका छन्, 'अब तथ्य खोजौं र प्रमाणित गरौं जसको उत्तर यो समाज र मलाई कसले दिन्छ ?'

उनले सोही स्टाटसमार्फत पाँचवटा प्रश्नसमेत उठाएका छन् । 'बिचौलिया वा कर्मचारी सरुवा गर्न दबाब दिने को हुन ? नोट राखिएको टेबल कहाँको हो ? जुन टेबुल देखाइएको छ त्यो मकहाँ कहिल्यै छैन ?, नोटको नम्बरसहित अख्तियारमा निवेदन गरेको भनियो तर ती नोट कहाँ, कसले दियो ? मलाई थाहा छैन । कुन अवस्थामा छ ?, प्रभावमा पार्न जोडिएका कर्मचारीको बारेमा मलाई केही थाहा छैन, अनि भूमि आयोगमा नियुक्त भए कि छैनन् ?, सूचना प्रविधि (एआई) को दुरूपयोग गरी निकालिएको मेरो आवाज भनिएको छ कसले पुष्टि गर्ने ? जुन त्यो मेरो आवाज होइन !,' मन्त्री गुप्ताको प्रश्न छ ।

### ढिला आएको...

नेपाल सरकार तथा प्रदेश सरकारबाट ससर्त तथा समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त हुने चार अर्ब ९८ करोड ७९ लाख ४१ हजार रूपैयाँबराबर रकमलाई पनि बजेटको स्रोतमा देखाइएको छ । अघिल्लो आर्थिक वर्ष काठमाडौंले २४ अर्ब ९० करोड ६३ लाख २५ हजार रूपैयाँको बजेट प्रस्तुत गरेको थियो । यस वर्ष ६५ करोड सञ्चित कोषमा भार नपर्नेगरी बजेट प्रस्तुत गरिएको डंगोलले बताइन् । महानगरले बुधबार बजेट पारित गर्ने तयारी गरेको छ । १७औं नगरसभाको पहिलो बैठकमा महानगर प्रमुख साहले असार ३२ गते दिउँसो २ बजे बस्नेगरी बैठक आह्वान भएको जानकारी दिएका हुन् ।

#### खर्च आधामात्र, विकास खर्च झन् कम

महानगरले चालु आर्थिक वर्षको बजेट आधामात्र खर्च गर्ने देखिएको छ । 'कूल बजेट २४ अर्ब ९० करोड ६३ लाख २५ हजार रूपैयाँमा असार २५ गतेसम्मको कूल खर्च जम्मा १३ अर्ब तीन करोड ७४ लाख ६० हजार रूपैयाँ रहेको छ,' उपप्रमुख डंगोलले भनिन् । जुन कूल बजेटको ५२.१३ प्रतिशत हुन आउँछ ।

पुँजीगततर्फ खर्च विश्लेषण गर्दा १५ अर्ब छ करोड ५६ लाख एक हजार रूपैयाँ विनियोजन भएकोमा जम्मा खर्च छ अर्ब ७३ करोड ७४ लाख ८० हजार रूपैयाँमात्र भएको महानगरले जनायो । जुन कूल पुँजीगत बजेटको ४४.७२ प्रतिशत हुन आउँछ । चालुतर्फ भने नौ अर्ब ८२ करोड २० लाख ५० हजार रूपैयाँ विनियोजन भएकोमा ६३.४२ प्रतिशत खर्च भएको महानगरले जनाएको छ ।

महानगरले राजस्व आम्दानीतर्फ चालु आवमा १२ अर्ब ९० करोड ६३ लाख २५ हजार रूपैयाँको लक्ष्य निर्धारण गरेको थियो । असार २५ गतेसम्म १० अर्ब नौ करोड ८५ लाख १५ हजार रूपैयाँ राजस्व संकलन भएको महानगरले जनाएको छ ।

### कामपाको नीति...

'चालु आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुन बाँकी नीति तथा कार्यनीतिहरू र सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिइने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

'एक वडा, एक उत्पादन' काठमाडौंका अघिल्लो वर्षको कार्यनीति हो । यसलाई निरन्तरता दिइएको छ । महानगर प्रमुख साहले समावेशी उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यसहित इन्कुबेसन सेन्टर, बीउ पुँजी अनुदान कार्यक्रम र सहकारी सुधार योजनालाई पनि अगाडि बढाइने बताए ।

अगामी आर्थिक वर्षका लागि राजस्व असुलीलाई प्रभावकारी बनाउन व्यवसाय करमा नयाँ करदाता पहिचान गर्ने नीति दोहोऱ्याएको छ । करको दायरामा नआएका करदाताहरूलाई करको दायरामा ल्याउन पुस मसान्तसम्म कर बुझाउने करदातालाई १० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । बहाल करलाई एकद्वार प्रणालीमार्फत संकलन गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइने उल्लेख छ ।

#### जीवनशैलीको आकर्षक केन्द्र बनाइने

यसैगरी बालबालिकाका लागि 'बालापनको रक्षा, भविष्यको सुरक्षा' कार्यक्रम अघि सारेको छ । यस कार्यक्रममार्फत बाल संरक्षण प्रणाली स्थापना गरी बालअधिकारको पूर्णसुनिश्चितता गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । यसैगरी सामुदायिक विद्यालयमा स्पोर्टस् एकेडेमी, डिजिटल कक्षा, उद्यमशीलता क्लब स्थापना गर्ने नीति महानगरले लिएको छ ।

महानगरले रात्रिकालीन पर्यटन प्रवर्द्धनमासमेत जोड दिने नीति लिएको छ । यसका लागि 'जिरो वेस्ट' सिटी अभियानदेखि खुला ठाउँ संरक्षण अभियान अघि बढाइएको जनाएको छ । 'काठमाडौं महानगरको मौलिक कला, संस्कृति, भाषा र सम्पदाको संरक्षण, पुनर्स्थापना तथा नवप्रवर्तनमार्फत डिजिटल प्रविधिको उपयोग, सामुदायिक सहभागिता, लाइभ हेरिटेज अनुभव, रात्रिकालीन पर्यटन र वातावरणमैत्री कार्यक्रममार्फत पर्यटकीय पूर्वाधार प्रवर्द्धन गरी, सांस्कृतिक पर्यटनलाई स्थानीय रोजगारी, शिक्षा र अन्तर्राष्ट्रिय बजारसँग जोड्दै क्रमशः समृद्ध सांस्कृतिक अर्थतन्त्र निर्माणमा जोड दिइने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

यसैगरी काठमाडौंलाई 'आइटी हब' बनाएर आकर्षक केन्द्र बनाउने नीति महानगरले लिएको छ । 'लिभ, वर्क, एक्स्प्लोर अभियानअन्तर्गत काठमाडौंलाई अध्यात्म, पर्यटन र जीवनशैलीको आकर्षक केन्द्र बनाइने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

#### खाद्य अनुगमनमा जोड दिइने

खाद्यसुरक्षा सुदृढ बनाउन महागनरले अनुगमन प्रणाली लागू गर्ने जनाएको छ । 'स्थानीय खाद्यसुरक्षाको सुदृढीकरण, स्वच्छ तथा व्यवस्थित हाटबजार सञ्चालन, होटल रेस्टुरेण्ट होस्टेल तथा खाद्य व्यवसायहरूको गुणस्तरीय सेवा सुनिश्चित गर्न नियमित अनुगमन, दर्ता र मापदण्डमा आधारित नियमन प्रणाली लागू गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ । अन्य स्थानीय तहसँगको समन्वयमा यसलाई प्रभावकारी बनाउने काठमाडौंको नीति देखिन्छ । खाद्य आपूर्तिलाई थप प्रभावकारी बनाउन सेफ फुड काठमाडौं अभियानसमेत अघि बढाउने काठमाडौंका नीति देखिएको छ ।

आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, गुण्स्तरीय र प्रविधिमैत्री बनाएर नगरवासीसम्म पुऱ्याइ 'स्वस्थ सहर' बनाउने नीति महानगरले अबलम्बन गर्ने जनाएको छ । साथै, विपद् व्यवस्थापनका लागि पूर्वतयारी, जिआइएस स्थापना, खुला ठाउँ संरक्षण र इमर्जेन्सी अप्रेसन सेन्टर स्थापना गरिने बताइएको छ । 'स्मार्ट सिटी'का लागि आवश्यक पूर्वाधार तयारीमा ध्यान दिने नीतिसमेत महानगरले अघि सारेको देखिन्छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०१।२३ गते भक्तपुर, भक्तपुर न.पा-०१, सल्लाघारी स्थित पुल नजिक पार्किङ गरिराखेको रातो, कालो रङ्को Bajaj Pulsar मोटरसाइकल बेलुकाको अन्दाजी ६:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : माइला तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०५७ प ३६४६**
**च्यासिस नं.: MD2A13FX7SCM81644**
**इन्जिन नं. : DKYCS13FX713450**
**ठेगाना : भक्तपुर, सुर्यविनायक न.पा-५, चुनदेवी**
**सम्पर्क: ९८५१०४१८४९**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०३/०२ मा दर्ता भएको **प्रा.लि. नं. २९२४७३** को **डायमण्ड यातायात प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०४/२१ मा दर्ता भएको **प्रा.लि. नं. २२०६६२** को **परेश रियल स्ट्रेट एण्ड डेभलपर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७८/११/१६ मा दर्ता भएको **बायोमेडिकल रिसर्च एण्ड सर्भिस सर्पोट सेन्टर प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २८५३६६) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**युनाइटेड सोलुसन्स प्रा. लि. लाई प्लाजा सेल्स प्रा. लि. कम्पनीमा गाभिएको सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८२/०३/३०**

गाभ्ने र गाभिने कम्पनीहरूको मिति २०८२/०२/१५ गते सम्पन्न संयुक्त विशेष साधारण सभाको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम **प्लाजा सेल्स प्रा. लि.** (द.न. ३१५८२१) मा **युनाइटेड सोलुसन्स प्रा.लि.** (दर्ता नं. १२९९०३) लाई गाभ्न कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।१७ को निर्णयबाट स्वीकृति प्राप्त भए अनुसार गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व गाभ्ने यस प्लाजा सेल्स प्रा. लि. कम्पनीले व्यहोर्ने सकार्ने गरी सोही मितिबाट कम्पनी गाभिएको हुँदा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंको मिति २०८२/०३/२० च.नं. कम्पनी प्र./८४३६९ को जानकारी तथा आदेशको प्रयोजनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।


**साउदीमा रोजगार** कम्पनी : JOOD UNITED COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 305592 | चलानी नं. ६०२२०२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 3 | 0 | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Shrisha Traning Center Janakpur, Dhanusha मा मिति: २०८२ साउन ५ गते (21st July 2025) मा हुनेछ । (९८१७८८०७४९)
Shree Ram Janaki Training Center, Bardibas, Mahottari मा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ । (९८१७८३८१३८)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**साउदीमा रोजगार** कम्पनी : GRAND HYPER COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 326944 | चलानी नं. ६०२४०९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1600 | ५८,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ५ गते (21th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075

**MAURITIUS मा रोजगार** कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०१/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 303424 | चलानी नं. ६०२१८२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operator | 6 | 0 | 16500 | ४९,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cold room Attendant | 4 | 0 | 16500 | ४९,७४५ | | | | | | | |
| 3 | Cook | 19 | 0 | 16500 | ४९,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Kindalini Durbar Banquet Bansidhar marg w.no. 4 चप्पलकार्खना, काठमाडौंमा मिति: २०८२ साउन ५/७ गते (21/23 July 2025) मा हुनेछ । सोल्टी वेस्टेन्ड, इटहरी वडा नं.२, धरान रोड, सुनसरीमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, ३० असार, २०८२**

| | |
|---|---|
| **मेष** | प्रेम सम्बन्ध राम्रो रहनेछ । |
| **वृष** | आर्थिक पक्ष सबल रहनेछ । |
| **मिथुन** | काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ । |
| **कर्कट** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **सिंह** | रोकिएका काम सम्पादन हुनेछ । |
| **कन्या** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **तुला** | सोचेको उपलब्धि प्राप्त हुनेछ । |
| **वृश्चिक** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **धनु** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मकर** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कुम्भ** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **मीन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसुति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० असार, २०८२ (१४ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.९९ | १३७.५९ |
| युरो | १ को | १६०.१२ | १६०.८२ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.२० | १८६.०१ |
| स्विस फ्रैन्क | १ को | १७१.९७ | १७२.७२ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२१ | ९०.६० |
| क्यानाडियन डलर | १ को | १००.०६ | १००.५० |
| सिङ्गापुर डलर | १ को | १०७.०४ | १०७.५० |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | १९.११ | १९.२० |
| साउदी अरब रियाल | १ को | ३६.५३ | ३६.६९ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७५ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३० | ३७.४६ |
| मलेसियन रिङेट | १ को | ३२.२१ | ३२.३६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०१ |
| स्विडिस क्रोनर | १ को | १४.३६ | १४.४२ |
| डेनिस क्रोनर | १ को | २१.४६ | २१.५५ |
| हङकङ डलर | १ को | १७.४५ | १७.५३ |
| कुवेती दिनार | १ को | ४४८.२४ | ४५०.२० |
| बहराइन दिनार | १ को | ३६३.३८ | ३६४.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘विपद्सम्बन्धी पूर्वसूचना प्राप्ति र प्रतिकार्यका लागि तयार छौं’



**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले मनसुनजन्य विपद्सम्बन्धी पूर्वसूचना प्राप्ति र प्रतिकार्यका लागि मातहतका निकाय देशभर नै तयारी अवस्थामा रहेको बताएका छन् ।

राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आइतबारको बैठकमा उनले प्राकृतिक प्रकोपको जोखिमबाट हुने क्षति न्यूनीकरण गर्नका लागि पूर्वसूचना पहिलो आवश्यकता भएको बताए । उनले भने, ‘पूर्वानुमानलाई सूचनाका रूपमा सम्प्रेषण गरियो भने जनधनको क्षति रोक्न सक्छौं । हाम्रो मनसुनको पूर्वाअनुमान गर्ने निकायको प्रक्षेपण नतिजा राम्रो छ, पूर्वसूचनालाई प्राथमिकतामा राखेर काम गरिरहेका छौ ।’

प्राकृतिक भूगोलका हिसाबले नेपाल अत्यन्त जोखिम अवस्थामा रहेको बताउँदै उनले भूकम्पलगायतका विपद् र प्राकृतिक प्रकोपका हिसाबले जुनसुकै बेला जेसुकै हुनसक्ने अवस्था रहेको धारणा व्यक्त गरे । गृहमन्त्री लेखकले भने, ‘नेपाल भूकम्प, खण्डवृष्टि, अतिवृष्टि, अनावृष्टिका कारण निम्तन सक्ने बाढी, पहिरो, डुवानजस्ता प्राकृतिक प्रकोपको जोखिममा छ, आजैका दिन पनि एकातिर बाढी छ भने अर्कातर्फ तराईमा सुक्खा भएर खानेपानीकोसमेत समस्या भइरहेको छ । चटचाङको पनि त्यस्तै समस्या छ ।’

पूर्वतयारीका सन्दर्भमा मनसुन अगाडि नै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललाई बाढी, पहिरो, डुबानपछिको प्रतिकार्यलाई समन्वयकासाथ चुस्त तुल्याउन तथा सूचना प्रणालीलाई चुस्त र व्यवस्थित गरी पहिले नै सूचना दिने व्यवस्था निर्देशन दिइसकेको उनले बताए । विपद् भएको खण्डमा प्रतिकार्यका क्रममा खोज, उद्धार, राहत, पुनर्निर्माण र पुनर्स्थापनालाई प्राथमिकता निर्धारण गरिने उनले बताए । ‘रसुवामा भएको घटनामा अहिले खोज र उद्धारमै संलग्न छौं । त्यसपछि राहत र पुनर्निर्माणको काम अघि बढ्छ,’ मन्त्री लेखकले भने ।

बाढीपहिरोजस्ता विपद्मा परेका व्यक्तिलाई राहत प्रदान र घाइतेको निःशुल्क उपचार गर्ने व्यवस्था सरकारले मिलाएको जानकारी दिँदै उनले रसुवामा २० जना व्यक्ति नेपाली भूमिबाट तथा ११ जना चीनको भू-भागबाट हराएको भन्ने खबर प्राप्त भएको बताए । त्यसमध्ये ११ जनाको शव भेटिएकामा दुई जनाको मात्रै सनाखत भएको उनको भनाइ छ ।

‘अहिले खोज र उद्धार क्रममा १० दिनसम्म फेला नपरेमा परिवारलाई मृतक परिवार सरह राहत उपलब्ध गराइने छ, पुनर्निर्माण र पुनर्स्थापनाका लागि पनि सरकार तयारी अवस्थामा छ, त्यसमा कुनै कमी कजोरी हुने छैन,’ उनको भनाइ छ ।

यसअघि समिति सदस्यहरूले विकास र विपदलाई जोडेर काम गर्न नसकिएमा ठूलो क्षति हुने विषयलाई गम्भीरताकासाथ आत्मसात् गर्न सरकारलाई सुझाव दिँदै विपद्का समयमा के गर्ने भन्नेबारे जनप्रतिनिधिसमेतलाई प्रशिक्षणको खाँचो औंल्याए । सुरक्षामा खटिने सुरक्षाकर्मीकै कार्यालय र बासस्थान असुरक्षित रहेकाले त्यसतर्फ गम्भीर हुन सरकारलाई सुझाव दिँदै उनीहरूले विपद्मा परेकालाई समयमै राहत उपलब्ध गराउने चुस्त व्यवस्थापन मिलाउन सल्लाह दिए ।

समिति सदस्यहरूले विपद् भनेको खोज, राहत र उद्धारलाई मात्र नबुझ्दिन आग्रह गर्दै यसपटक रसुवामा भएको बाढीको घटनापछि सरकारले चालेका खोजतलास र उद्धारको कार्य प्रशंसनीय रहेको धारणा राखे । यसअघि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टले रसुवा हिमबाढीको क्षति, खोज तथा उद्धारसम्बन्धी हालसम्मको अवस्था संसदीय समितिलाई जानकारी गराएका थिए ।

# क्यान्सरका बिरामीलाई औषधि निःशुल्क दिइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले क्यान्सर रोगको उपचारमा प्रयोग हुने अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराइने बताएका छन् ।

नेपालमा औषधि उपलब्ध नभएकाले उपचारका लागि विदेश जानुपर्ने बाध्यता हटाउन अन्तर्राष्ट्रिय च्यारिटी डाइरेक्ट रिलिफले ३७ प्रकारका औषधि सहयोग गर्ने प्रतिबद्धता जनाएअनुसार पहिलो चरणको औषधि नेपाल ल्याइएको उनको भनाइ छ । यसअघि मन्त्री पौडेलले त्यस्ता औषधि प्राप्त गरेर सरकारी अस्पतालमा निःशुल्क उपलब्ध गराउने निर्णय गरेको थियो ।

डाइरेक्ट रिलिफले वन हर्ट वर्ल्डवाइड संस्थामार्फत नेपाल सरकारलाई पठाएको सहयोग हस्तान्तरणका लागि आयोजित कार्यक्रममा मन्त्री पौडेलले औषधि अभावमा विदेश गएर महँगो खर्च गनुपर्ने बिरामीको बाध्यता हटाउन लामो मिहेनतपछि सफलता प्राप्त भएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

डाइरेक्ट रिलिफले स्तन, छाला तथा विभिन्न खालका क्यान्सर उपचारमा आवश्यक पर्ने दुर्लभ र महँगा औषधि नेपालको आवश्यकताअनुसार पाँच वर्षसम्म सहयोगस्वरूप उपलब्ध गराउने मन्त्री पौडेलले जानकारी दिए । ‘क्यान्सरको औषधि महँगो हुँदा विपन्न नागरिकलाई समस्या छ,’ मन्त्री पौडेलले भने, ‘राज्यको लगानीविना नै धेरै नागरिकलाई राहत दिने प्रयास गरेका हौं ।’ हाल ३७ प्रकारका औषधि क्रमैसँग आउने भए पनि अन्य आवश्यक औषधिसमेत सहयोगमा प्राप्त गर्न प्रयास गरिने मन्त्री पौडेलको भनाइ छ ।

उनले सरकारी क्यान्सर अस्पतालमा तत्काल औषधि पठाउने व्यवस्था मिलाइएकोसमेत बताए । सरकारले दिने स्वास्थ्य सुविधा तथा बिमाबारे पर्याप्त जानकारी प्राप्त नहुँदा नागरिकले सेवा लिन नसकिरहेको प्रसंग निकाल्दै उनले सञ्चारमाध्यमलाई यस्ता जानकारी प्राथमिकताका साथ प्रसार गरेर सहयोग गरिदिन आग्रह गरे ।

मन्त्रालयको समन्वय महाशाखा प्रमुख डा. भीम सापकोटाले पाँच वर्षसम्म नेपालको आवश्यकताअनुसार औषधि प्राप्त गर्ने गरी समझदारी भएको जानकारी दिए । वन हर्ट वर्ल्डवाइडका नेपाल प्रतिनिधि सूर्य भट्टले मन्त्री पौडेलको विशेष पहलबाट मात्र औषधि प्राप्त भएको उल्लेख गर्दै नेपालका लागि ठूलो उपलब्धि भएको बताए ।

स्तन क्यान्सर, प्लाक सोरियासिस, अल्जाइमर आदि स्वास्थ्य समस्यामा प्रयोग हुने यी औषधि र स्वास्थ्य सामग्रीहरू भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुरको भक्तपुर क्यान्सर अस्पताल, बाँकेस्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र काठमाडौंस्थित वीर अस्पताललाई हस्तान्तरण गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

# रसुवा बाढीबाट बेपत्ताको खोजी तीव्र बनाउन सांसदहरूको माग

**काठमाडौं (प्रस)–** सांसदहरूले यही असार २४ गते बिहान सुप्राग्लेसियर ताल फुट्दा रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा आएको बाढीका कारण बेपत्ताको खोजी, घाइतेलाई उपचार र उद्धार तथा पीडितको राहत तथा पुनर्स्थापनामा जोड दिएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा बाढीको घटना भएको सातादिन बित्न लाग्दा पनि बेपत्ताको खोजी तीव्ररूपमा अगाडि बढाउन नसकेको भन्दै यसतर्फ सम्बन्धित निकायको समयमा नै ध्यान जानुपर्नेमा उनीहरूले जोड दिएका हुन् ।

बैठकको विशेष समयमा सांसद मोहन आचार्यले बाढीका कारण ३० मेगावाट क्षमताको जलविद्युत् आयोजना नष्ट भएको, मितेरी पुल बगाएको, नेपालतर्फ २० जना र चीनतर्फ ११ जना बेपत्ता भएको, १०० भन्दा बढी विद्युतीय सवारीसाधन बाढीसँगै बगेको उल्लेख गर्दै उद्धार, खोज तथा पुनर्निर्माण छिटो गर्न सुझाव दिए ।

‘नदी क्षेत्रमा धेरै संरचनाहरू बन्दा अहिले हामीले धेरै क्षति बेहोर्नुपरेको छ । प्राकृतिक प्रकोप आउँछ भन्ने अनुमान लगाएर विपद्मैत्री पूर्वाधार निर्माण गर्नुपर्छ,’ सांसद आचार्यले भने, ‘हवाई उद्धारका कुरामा ध्यान दिनुपर्छ । जलवायु परिवर्तनले ल्याउनसक्ने जोखिमलाई ख्याल गर्दै अब हामीले अनुकूलनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।’

सांसद हितबहादुर तामाङले ल्हेन्दे खोलामा आएको बाढीले धनजनको क्षति पुगेको भन्दै उद्धार, राहत र पुनर्निर्माण तथा पुनर्स्थापनाको काम तत्काल अगाडि बढाउन आग्रह गरे । ‘विद्युत्मा र सडक पूर्वाधारमा क्षति पुगेको छ । त्यहाँका बस्ती असुरक्षित छन्,’ उनले भने, ‘मितेरी पुल तत्काल निर्माण गर्नुपर्छ । चीनतर्फ फसेर बसेका मालवाहक बस र नागरिकको उद्धार गर्नुपर्छ ।’


स्थानीय सरकार

**पाँचपोखरी थाङपाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थाङपालधाप, सिन्धुपाल्चोक**

**आर्थिक प्रश्ताव स्वीकृत गर्ने आशयको सूचना**

मितिः-२०८२/०३/३०

यस पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालयबाट निम्नलिखित बोलपत्र सूचना बमोजिम खोलिएको आर्थिक प्रश्ताव बमोजिम तपसिलको कार्यका लागि E–BID मार्फत दर्ता भएको बोलपत्र मध्ये सारभूत रुपमा प्रभावकारी देखिएकोले निम्न उल्लेखित न्यूनतम मूल्यांकित आर्थिक प्रश्ताव सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| बोलपत्र नं. | कामको प्रकृति | छनौटका लागि सिफारिस भएका बोलपत्रदाताको नाम र ठेगाना | कुल कबोल अंक भ्याट र कन्टिजेन्सी बाहेक |
|---|---|---|---|
| PTRM/WORKS/NCB/14/2081/082 | Gaipaile Gunsa Road Upgrading works Phase IV | Santoshi Construction & Suppliers Pvt. Ltd. Melamchi 10, Sindhupalchok | रू. ६३,१८,४०१.५०1- अक्षेरुपी त्रिसट्ठि लाख अठार हजार चार सय एक रुपैंया पैसा पचास मात्र । |
| PTRM/WORKS/NCB/15/2081/082 | Jatan Chinde Sadak Upgrade Phase Second | Jay Laxmi Nirman Sewa Chautara | रू. २५,६८,०८३.५०1- अक्षेरुपी पच्चिस लाख अढ्सठ्ठि हजार त्रियासी रुपैंया पैसा पचास मात्र । |

प्रमुख प्रशासकीय अधिकृत



**युएइमा रोजगार** कम्पनी : **SKM TECHNICAL WORKS LLC**

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२९ | LT. No. 306168 | चलानी नं. ६०२२०९१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 1 | 0 | 1200 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 1 | 0 | 1200 | ४४,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ५ गते (21st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**बेलबारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेलबारी, मोरङ**

**कोशी प्रदेश, नेपाल**

**आर्थिक वर्ष २०८२/०८३ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०८२/०३/३०)

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ (ग) र (घ) तथा बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ र दफा ११ मा भएको व्यवस्था अनुसार राजश्व परामर्श समितिको मिति २०८२/०२/२० गतेको सिफारिस र बेलबारी नगरकार्यपालिकाको मिति २०८२/०२/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका हाटबजारमा आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको दररेटमा एवं शर्तहरूको अधिनमा रहि सिलबन्दी दरभाउपत्र प्रक्रियाबाट सहभागी हुन सम्बन्धित सबैको लागि दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | विवरण | ठेक्का नं. | न्यूनतम अंक (मु.अ.कर सहित) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १. | बाहुनी बजार वडा नं.७ हाटकर सङ्कलन | BM/S/SQ-04-2082/83 | २,०५,५६०/- | १०००/- | मु.अ.कर सहितको कूल कबोल अंकको ५ प्रतिशत |
| २. | डांगिहाट बजार वडा नं.९ हाटकर सङ्कलन | BM/S/SQ-05-2082/83 | २,००,०००/- | १०००/- | मु.अ.कर सहितको कूल कबोल अंकको ५ प्रतिशत |
| ३. | लक्ष्मीमार्ग बजार वडा नं.११ हाटकर सङ्कलन | BM/S/SQ-06-2082/83 | १,१७,५००/- | १०००/- | मु.अ.कर सहितको कूल कबोल अंकको ५ प्रतिशत |
| ४. | कसेनी बजार वडा नं.५ र सोमबारे बजार वडा नं. ६ हाटकर सङ्कलन | BM/S/SQ-07-2082/83 | १,००,१००/- | १०००/- | मु.अ.कर सहितको कूल कबोल अंकको ५ प्रतिशत |

**नोट :** एकभन्दा बढी ठेक्का प्रक्रियामा सहभागी हुन चाहाने दरभाउपत्रदाताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै दरभाउपत्र नियमानुसार पेस गर्नुपर्नेछ । दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७औं दिन दिनको ४:०० बजेसम्म मात्र बेलबारी नगरपालिकाको कार्यालयबाट खरीद गर्न सकिनेछ । उक्त दरभाउपत्र ८ औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेस गरिसक्नु पर्नेछ । विस्तृत विवरण/शर्त/जानकारीका लागि बेलबारी नगरपालिकाको वेवसाइट https://belbarimun.gov.np/ मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत



**युएइमा रोजगार** कम्पनी : **QASSEM KHAIR TECHNICAL SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/03/०५ | LT. No. 325873 | चलानी नं. ६०२४०९२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Building) | 5 | 0 | 1200 | ४४,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason+Tiles Fixer | 10 | 0 | 1200 | ४४,७९८ | | | | | | | |
| 3 | Scafolder | 5 | 0 | 1200 | ४४,७९८ | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1200 | ४४,७९८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ५ गते (21st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.** श्रम ईजाजत नं. ३०७/०५९/६०

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906

Email: service.bhairabintl@gmail.com



**कतारमा रोजगार** कम्पनी : **GREEN CITY CONTRACTING & SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/03/२४ | LT. No. 321738 | चलानी नं. ६०२३५८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DATA ENTRIES | 0 | 2 | 2500 | ९४,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dry Clean Worker (Female) | 0 | 2 | 1000 | ३७,६६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ५ गते (21st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.** श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**कुवेतमा रोजगार** कम्पनी : **OLIVE BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२९ | LT. No. 294189 | चलानी नं. ६०२०९२९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 4 | 140 | ६२,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MANICURE PEDICURE/BEAUTICIAN | 0 | 5 | 140 | ६२,७७५ | | | | | | | |
| 3 | NAIL TECHNICIAN | 0 | 4 | 140 | ६२,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ५ गते (21st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## जनसंख्या बढाउने सरकारको नीति कार्यान्वयनमा चुनौती

कुनै बेला जनसंख्या बढ्यो भनेर त्रसित सरकारले 'दुई सन्तान, ईश्वरको वरदान' अभियान नै चलायो। 'बिहेवारी, २० वर्ष पारि' अभियान पनि अघि बढ्यो। अझ विभिन्न पारिवार नियोजनका साधनको बजारीकरणमा पनि सफल रह्यो सरकार । अहिले भने सरकारलाई आफ्नो यही नीति टाउको दुखाइको विषय बनेको छ। जनसंख्या वृद्धिदर ह्वात्तै घटेपछि अघिल्ला नीतिहरू सरकारका लागि घातक बनेका हुन्। यसका लागि सरकारले २० वर्षअघि नै बिहे गर्न र तीन जनासम्म सन्तान जन्माउन प्रोत्साहन गर्ने नीति ल्याउने भएको छ।

तर, के सरकारले भन्दैमा अब जनताले मान्लान् ? कुनै बेला सरकारको नीति तथा कार्यक्रम अनि अभियानलाई 'ब्लाइण्ड' समर्थन गर्ने जनता अहिले फेरिएका छन् । सबैभन्दा पहिलो कुरा त अहिलेको सरकार अनि व्यवस्थाप्रति जनता आक्रोशित छन्। जनसंख्या दिनानुदिन किन घटिरहेको छ ? यसको पछाडि सरकारले लिएका रोजगारी, स्वास्थ्य, आर्थिक नीतिहरू नै हुन्। अझ अर्को मुख्य कारण दण्डहीनता पनि हो।

अहिले युवाहरू विभिन्न कारण देखाउँदै वैदेशिक रोजगारीमा पुगिरहेका छन् । त्यसैगरी गुणस्तरीय शिक्षाको नाममा विकसित देशमा जानेहरूको सूची लामो हुँदै छ । यसको मुख्य कारण भविष्यको चिन्ता हो । सरकारको भर नलागेपछि युवाहरू रोजगारी, स्वास्थ्य र आर्थिक सुरक्षाको खोजीमा विदेश उडिरहेका छन् । नेपालमा दण्डहीनता उस्तै छ। इमान्दार र परिश्रमीभन्दा पनि छलछाम र भ्रष्टहरूले मात्र दिन दुई गुणा, रात चौगुणा सफलता पाएको देखेर पनि देश छाड्नेको लर्को लागेको देखिन्छ। पछिल्लो १६ वर्षमामात्र ८१ लाख युवाहरू रोजगारीका लागि विदेसिएको तथ्यांक जगजाहेर छ । पढाइमा जाने र उतै बस्नेहरूको सूची उति नै छ।

रेमिटयान्समा रमाउने सरकारका लागि यो खुसीको समाचार होला। जनसंख्या नबढ्नुको मुख्य कारण यसलाई मान्न सरकार तयार देखिन्न । देशमा रोजगारी सिर्जना नहुँदा दैनिकी महँगो बन्दै गएको छ। विदेश नपुग्दै ऋणको भारी, शिक्षामा बढ्दो महँगीजस्ता कारण बाआमा एकभन्दा बढी सन्तान हुर्काउन तर्सिरहेका देखिन्छन्। अचेल धेरैजसोले एकै सन्तानमा चित्त बुझाउने वा ढिला सन्तान जन्माउने तयारीका कारण पनि जनसंख्यामा ह्रास आएको हो। यस विषयमा शीघ्र सम्बोधन गर्ने खालको नीति अघि बढाएमात्र जनसंख्या वृद्धिमा सन्तुलन होला, नभए सरकारले अघि सारेका नीति प्रभावकारी नहुने प्रस्टै देखिन्छ।

श्रम सरोकार

## स्वास्थ्य परीक्षण किन आवश्यक पर्छ ?

- स्वदेशमा स्वास्थ्य परीक्षण गर्नु भनेको आफू विदेशमा काम गर्न शारीरिकरूपमा सक्षम छु वा छैन भनी जाँच गरी रिपोर्ट निकाल्ने प्रक्रिया हो । यसले गर्दा विदेशमा हुने मेडिकल परीक्षणमा समस्या हुँदैन । स्वदेशमा स्वास्थ्य परीक्षण गर्दा फेल हुँदा-हुँदै पनि गलत रिपोर्ट बनाएर विदेश जाँदा त्यहाँ हुने परीक्षणमा फेल भइन्छ र स्वदेश फर्कनुपर्ने हुन्छ।
- आफू स्वस्थ छु भन्ने मेडिकल रिपोर्ट पेस गरेपछि मात्र विदेशबाट भिसा आउँछ। साथै, नेपाल सरकारले पनि श्रम स्वीकृति प्रदान गर्ने हुँदा कानुनी तवरबाट विदेश जान पाइन्छ।
- विदेशी कम्पनीहरूले निरोगी व्यक्तिहरूलाई मात्र काममा लगाउने हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सूचीकृत संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई होलोग्राम टाँसेको मेडिकल रिपोर्टको कार्ड लिनुपर्दछ।
- होलोग्राम टाँसेको मेडिकल रिपोर्ट भएमा मात्र मेडिकल चेकअप गरेको दिनदेखि ९० दिन भित्रमा विदेशमा हुने मेडिकल चेकअपमा मेडिकल फेल भइ स्वदेश फर्कनुपरेमा स्वदेश फर्केको ३५ दिन भित्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा क्षतिपूर्तिका लागि निवेदन दिन सकिन्छ।
- क्षतिपूर्तिका लागि स्वदेशमा स्वास्थ्य परीक्षण गराएको सक्कलै मेडिकल रिपोर्टको प्रति, स्वास्थ्यको कारणले स्वदेश फर्किनुपरेको प्रमाणित गर्ने कागजात, होलोग्राम भएको मेडिकल रिपोर्ट कार्ड, श्रम स्वीकृति, विदेशमा मेडिकल चेकअप गरेको मिति खुल्ने कागजात, पासपोर्टको प्रतिलिपि, विदेश जाँदा र फर्किंदाका हवाइ टिकट, बोर्डिङ पास, स्वास्थ्य व्यवसायी महासंघको रसिदलगायतका तोकिएबमोजिमका अन्य कागजातहरू समेत संलग्न गरी निवेदन दिनुपर्ने छ।
- श्रम मन्त्रालयले क्षतिपूर्तिका लागि प्राप्त निवेदन विशेषज्ञ समितिमा पठाउने र उक्त समितिले गलत मेडिकल रिपोर्ट दिएका कारण कामदार स्वदेश फर्किनुपरेको भनी पुष्टि गरेमा सम्बन्धितस्वास्थ्य व्यवसायी संस्थाले सम्बन्धित कामदारलाई विदेश जाँदा र फर्किंदाको आतेजातेलगायतको खर्च क्षतिपूर्तिबापत उपलब्ध गराउने व्यवस्था वैदेशिक रोजगार नियमावलीले गरेको छ। गलत मेडिकल रिपोर्ट बनाउने सुचीकृत संस्थालाई कानुनबमोजिम कारबाहीसमेत गर्ने प्रावधान छ।

# 'नेपाल-रुस सम्बन्धलाई आधुनिक, स्थायी र बहुआयामिक बनाउनुपर्छ'

नेपाल र रूसबीच औपचारिक सम्बन्ध स्थापना ७०औं वर्ष प्रवेश गर्दै छ । तत्कालीन सोभियत संघदेखि आजको रूससँग नेपालको सम्बन्ध, दुई देशबीचको सहयोग आदानप्रदानलगायतका विषयमा केही उतारचढावहरु देखिरहेका छन् । यद्यपि, समग्रमा भन्दा नेपाल-रूस सम्बन्धलाई आत्मीय अवस्थाकै रूपमा हेरिन्छ । विशेषगरी तत्कालीन सोभियत संघले नेपाली जनतालाई दिएको शिक्षादेखि पूर्वाधार निर्माणको योगदान स्मरणीय छ । यस्तो स्थितिमा पछिल्लो समय नेपाल-रूस सम्बन्धका आयामहरु कसरी फेरिन पुगे ? के नेपाल-रूस सम्बन्धका नयाँ आयाम पहिल्याउने बेला भइसकेको हो ? यी नै विषयमा प्रभावले नेकपा माओवादी केन्द्रका नेता तथा प्रतिनिधिसभा सदस्य माधव सापकोटासँग गरेको कुराकानीः



**माधव सापकोटा**, प्रतिनिधिसभा सदस्य

**नेपाल-रुस सम्बन्ध सोभियत संघको बेलाको स्थितिबाट धेरै टाढा पुग्दै छ । यस्तो हुनुका कारणहरु के हुन सक्छन् ?**

नेपाल र सोभियत संघ (रुस) बीच कूटनीतिक सम्बन्ध स्थापना भएको यही जुलाई २० मा ७० वर्ष प्रवेश गर्दै छ। २० जुलाई १९५७ मा नेपाल र सोभियत संघबीच दौत्य सम्बन्धमा हस्ताक्षर भएपछि शिक्षा, उद्योग र पूर्वाधार विकासमा आपसी सहयोगको ढोका खुलेको थियो । नेपालको साक्षरता दर १० प्रतिशत हाराहारी हुँदा रुसले छात्रवृत्ति दिन त्यही वर्षदेखि सुरू गरेको थियो। सोभियत संघ विघटनपछि रूस आफैं लामो समय आन्तरिक राजनीतिक-आर्थिक संकट र संक्रमणको सामना गर्नतर्फ केन्द्रित भयो। नेपाल पनि लोकतान्त्रिक आन्दोलन र सरकार परिवर्तन भइरहनेजस्ता कारणले अस्थिर रह्यो। यी दुवै देशका आ-आफ्ना प्राथमिकतामा परिवर्तन आए। उदारीकरण र विश्वबजारको प्रभावले नेपालमा पनि नयाँ शक्ति र लगानीतर्फ ध्यान मोडियो, जसले गर्दा पुरानोजस्तो गहिरो र न्यानो सम्बन्धमा केही दूरी आएको पक्कै हो।

**रुसले नेपालमा गरेका सहयोग, विकास निर्माणमा पुऱ्याएको योगदान र यसका आयामलाई नेपालले कसरी लिनुपर्छ जस्तो लाग्छ ? र, अबको दिनमा सम्बन्ध विस्तारमा के कुरामा ध्यान दिंदा ठीक होला ?**

सोभियत संघले नेपालमा कृषि, उद्योग र यातायात क्षेत्रका आधारभूत पूर्वाधार निर्माणमा ऐतिहासिक योगदान दिएको छ। विशेषगरी, सन् १९६५ मा बनेको पनौती जलविद्युत् आयोजना पहिलो सोभियत उपहार थियो। त्यसैगरी, जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखाना, वीरगञ्ज कृषि औजार कारखाना, नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेडजस्ता उद्योगहरूले मुलुकको औद्योगिकीकरणलाई गतिमात्र दिएनन्, ठूलो मात्रामा राजस्व र रोजगारी सिर्जना पनि गरे। त्यसैगरी, पूर्व-पश्चिम लोकमार्गको १०९ किलोमिटर लामो ढल्केबर-पथलैया खण्ड संघले निर्माण गऱ्यो। सन् १९६३ मा मुलुकको पहिलो बाल अस्पताल 'कान्ति बाल अस्पताल' रुसकै पहलमा स्थापना भयो । यस्ता ठूला पूर्वाधारले विकासको मेरुदण्डको भूमिका खेले। यी सबै योगदानलाई हामीले सधैं सम्मान र कृतज्ञताका साथ सम्झिनुपर्छ । अबको दिनमा जलविद्युत्, कृषि, उद्योग, स्वास्थ्य, पर्यटन र प्राविधिक शिक्षामा रूससँग सहकार्यलाई अझ सुदृढ गर्नुपर्छ। साथै, पारदर्शी जिटुजी सम्झौतामार्फत सहयोग र लगानी बढाउनुपर्ने तथा नयाँ पुस्तालाई लक्षित कार्यक्रम ल्याउनु जरुरी छ भन्ने हाम्रो स्पष्ट धारणा हो।

**नेपाल-रुसबीच उच्चस्तरीय भ्रमण आदानप्रदानदेखि अन्य विषयमा केही कमी देखिन थालेका छन् । यस्तो हुनुको पछाडिका कारण के होलान् जस्तो लाग्छ ?**

सोभियत संघ विघटनपछि रुसलाई नयाँ व्यवस्थामा टिक्न धेरै समय लाग्यो। मुद्रास्फीति, मन्दी, आन्तरिक र बाह्य द्वन्द्वका कारण उसको अर्थतन्त्र र कूटनीति दुवै कमजोर बने। प्रणालीगत परिवर्तनको संक्रमणमा उसको बाह्य सम्बन्ध पनि पातलो हुनु स्वाभाविक थियो। त्यहीबीच नेपालमा पनि माओवादीको नेतृत्वमा जनयुद्ध चल्यो, जसले तत्कालीन सरकारहरूलाई आन्तरिक राजनीतिक र सुरक्षा चुनौतीमा केन्द्रित गरायो। पटक-पटक सरकार बदलिनु, स्पष्ट परराष्ट्र नीतिको अभाव र सरकारका प्राथमिकता अन्य मुलुक वा साझेदारतर्फ मोडिनुले पनि रुससँगको सम्बन्धमा अपेक्षित सक्रियता ल्याउन सकेन। यी दुवै मुलुकका आ-आफ्ना आन्तरिक समस्या र अन्तर्राष्ट्रिय परिस्थितिका कारण उच्चस्तरीय भ्रमण, प्राविधिक आदानप्रदान र परियोजना कार्यान्वयनमा कमी आएको हो भन्ने लाग्छ।

**रुसमा नेपाली युवाहरु सेनामा भर्ती भएर युद्ध लड्न थालेपछि नेपालले यसबारेमा उनीहरुको नेपाल फिर्तीदेखि विभिन्न कुरामा आफ्नो अडान राख्यो । तर, युवाहरु स्वःस्फुर्तरूपमा सेनामा गएको विषयलाई नेपालले रुससँगको सम्बन्ध, बहुआयामिकतासँग जोडेर हेर्नुपर्छ वा पर्दैन ?**

यो घटना व्यक्तिगत र रोजगारीका कारणले भएका छुट्टै घटना हुन् । यसलाई दुई मुलुकको कूटनीतिक सम्बन्धसँग सीधा जोड्नु हुँदैन । तर, मानवीय दृष्टिकोणबाट उनीहरूको सुरक्षाका लागि नेपालले चिन्ता व्यक्त गर्नु र आफ्ना नागरिकहरूलाई स्वदेश फर्काउन पहल गर्नु स्वाभाविक हो।

**रुस-युक्रेन युद्धमा नेपालीलेमात्रै नभई अन्य देशका युवाले पनि सहभागिता जनाउने गरिरहेका छन् भन्ने आरोप लाग्ने गरेको छ । यो परिस्थितिमा कतिपय नेपालीहरुले त लेनिनको राष्ट्रको पक्षमा युद्ध लडिरहेको भन्दै सगौरव भनिरहेका छन् । यस्ता विषयमाथि उचित व्यवस्थापन र व्यवस्थित बनाउन नेपालले गर्नुपर्ने कुराहरु के हुनसक्छन् ?**

यस्ता संवेदनशील विषयमा सरकार र परराष्ट्र निकायले स्पष्ट नीति अवलम्बन गर्नुपर्छ । नेपाली युवाहरूलाई वैदेशिक रोजगारी, शिक्षा र व्यवसायमा सुरक्षित वैकल्पिक अवसर दिनुपर्छ। विदेशस्थित नेपाली नियोगहरूलाई थप सक्रिय बनाउनुपर्छ । स्वतन्त्ररूपमा केहीको चाहना राजनीतिक चेतका विषय अलग हुन्। यहाँ व्यक्तिगत नभएर समग्र विषयमा कदम चाल्नु आवश्यक छ।

**रुसले नेपालसँगको सम्बन्ध विस्तारका लागि आवश्यक पहल चाहेको भनी राष्ट्रिय सभाका पूर्वअध्यक्ष गणेशप्रसाद तिमल्सिनाले दिइरहेको अभिव्यक्तिको कतै सुनुवाइ भएको देखिन्न । यस्तो अवस्था आउनुको कारण के हो ?**

विविध कारण हुन सक्छन्। राष्ट्रिय सभाका पूर्वअध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको रुस भ्रमणपछि रुसी दूतावासले नेपाललाई पत्र पठाएर १३ वटा विभिन्न आयोजनाको विस्तृत प्रस्ताव माग गरेकामा नेपाल सरकारबाट कुनै औपचारिक अनुरोध प्राप्त नभएको भन्ने रुसी पक्षको तर्क पनि सुनिएको छ। राजनीतिक अस्थिरता, दीर्घकालीन रणनीतिक दृष्टिकोणको कमी र प्रशासनिक ढिलासुस्तीले यस्ता प्रस्ताव निष्क्रिय हुने गरेको सुनिने गरेको छ । कहिलेकाहीँ दबाब वा ध्यान पुग्न नसकेर पनि सुनुवाइ नभएको हुनसक्छ। यसलाई सुधार्न सरकारले स्पष्ट र सक्रिय कूटनीति अपनाउनुपर्छ।

**नेपालमा अहिले रासायनिक मलको चरम अभाव छ । रुसले जिटुजी मल दिने प्रस्ताव पहिलेदेखि नै गर्दै आएको छ । तर, सरकार किसानलाई सहजीकरणका लागि यस्ता प्रस्तावमा सम्झौता गर्नबाट पछि हटिरहेको छ भन्ने गरिन्छ ? तपाईंको धारणा के छ यसमा ?**

मुलुकमा मलको चरम अभाव छ र किसान मर्कामा परेका छन्। मैले नै संसद्मा कति पटक यो विषय उठान गरेको छु। जिटुजी सम्झौतामा निकै राम्रो मानिन्छ। यसो हुँदा गुणस्तरीय मल आउँछ र समयमा आउँछ। त्यसैले रुसको प्रस्तावलाई गम्भीरतापूर्वक लिनु र छिटो कार्यान्वयन गर्नु उपयुक्त हुन्छ भन्ने हाम्रो धारणा हो।

**अन्त्यमा, नेपाल-रुस सम्बन्धलाई आधुनिक र नयाँ आयाममा लैजान के गर्दा ठीक होला ? तपाईंका सुझाव के छन् ?**

नयाँ पुस्तालाई लक्षित गरेर शिक्षा र प्राविधिक छात्रवृत्ति बढाउनु अहिलेको आवश्यकता हो । त्यससँगै जलविद्युत्, कृषिउद्योग, स्वास्थ्य र पूर्वाधार क्षेत्रमा सहकार्यलाई अझ सुदृढ बनाउनुपर्छ। विशेषगरी हिमालय क्षेत्रका पर्यटनलाई प्रोत्साहन गरेर रुसी पर्यटकको आगमन बढाउन सकिन्छ। उच्चस्तरीय भ्रमण र सांस्कृतिक आदानप्रदानलाई नियमित र प्रभावकारी बनाउनुपर्छ । सरकार-सरकारका बीचमा सहयोग, लगानी सम्मेलन र व्यापार विस्तारलाई प्राथमिकतामा राख्नुका साथै जलवायु परिवर्तनजस्ता साझा चुनौतीका क्षेत्रमा पनि सहकार्य बढाउनुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, नेपालले असंलग्न परराष्ट्र नीति र राष्ट्रिय हितलाई केन्द्रमा राखेर दीर्घकालीन रणनीति बनाउनुपर्छ। यसरी मात्रै नेपाल-रुस सम्बन्धलाई आधुनिक, स्थायी र बहुआयामिक बनाइ आधुनिक समयका चुनौतीसँग जुध्न सकिन्छ।

- उदारीकरण र विश्वबजारको प्रभावले नेपालमा पनि नयाँ शक्ति र लगानीतर्फ ध्यान मोडियो, जसले गर्दा पुरानोजस्तो गहिरो र न्यानो सम्बन्धमा केही दूरी आएको पक्कै हो ।
- पटक-पटक सरकार बदलिनु, स्पष्ट परराष्ट्र नीतिको अभाव र सरकारका प्राथमिकता अन्य मुलुक वा साझेदारतर्फ मोडिनुले पनि रूससँगको सम्बन्धमा अपेक्षित सक्रियता ल्याउन सकेन ।
- सोभियत संघले नेपालमा कृषि, उद्योग र यातायात क्षेत्रका आधारभूत पूर्वाधार निर्माणमा ऐतिहासिक योगदान दिएको छ । उक्त योगदानलाई हामीले सम्मान गर्नुपर्छ ।
- अबको दिनमा जलविद्युत्, कृषि, उद्योग, स्वास्थ्य, पर्यटन र प्राविधिक शिक्षामा रूससँग सहकार्यलाई अझ सुदृढ गर्नुपर्छ । पारदर्शी जिटुजी सम्झौतामार्फत सहयोग र लगानी बढाउन तथा नयाँ पुस्तालाई लक्षित कार्यक्रम ल्याउनु जरूरी छ
- हिमालय क्षेत्रका पर्यटनलाई प्रोत्साहन गरेर रूसी पर्यटकको आगमन बढाउन सकिन्छ । उच्चस्तरीय भ्रमण र सांस्कृतिक आदानप्रदानलाई नियमित र प्रभावकारी बनाउनुपर्छ ।
- नेपालले असंलग्न परराष्ट्र नीति र राष्ट्रिय हितलाई केन्द्रमा राखेर दीर्घकालीन रणनीति बनाउनुपर्छ ।

पाठक मञ्च

## भूमाफियाका कारण सरकारको योजना अधुरै

काठमाडौं उपत्यकामा 'स्मार्ट सिटी' बनाउने चर्चा चलेको लामो समय भइसकेको छ । २०७१ सालदेखि नै स्मार्ट सिटीको चर्चा चले पनि अहिलेसम्म बनेको छैन। उपत्यकाका चार स्थानमा स्मार्ट सिटी बनाउने भनी २०७४ सालमा बसेको मन्त्रिपरिषद् बैठकले निर्णय गऱ्यो। त्यसका लागि काठमाडौं विकास प्राधिकरण ऐनअन्तर्गत काठमाडौं उपत्यका भौतिक विकास समिति गठन गरियो।

अत्याधुनिक चार सिटीमध्ये एक सिटीको डिपिआर निर्माण फिनल्याण्डको हेलेन एण्ड कम्पनी र जेके एसोसिएट्सले गरेको हो । अन्य तीनवटा आयोजनाको डिपिआर निर्माण भने नेपाली कम्पनीले नै गरेको हो। एउटा डिपिआर निर्माणका निम्ति सरकारले कम्पनीलाई ७५ करोड रूपैयाँ भुक्तानी गरेको छ। चारवटा परियोजनामा काठमाडौं इसान 'पूर्व-उत्तर', काठमाडौं आग्नेय 'पूर्व-दक्षिण', काठमाडौं नैऋत्य 'दक्षिण-पश्चिम' र काठमाडौं हरित सहर 'उत्तर' छ।

काठमाडौं इसानमा पूर्वतर्फ भक्तपुरको नगरकोट जाने सडक, तेलकोट भञ्ज्याङसम्म, पश्चिम क्षेत्र जोरपाटी क्रिकेट स्टेडियम, मूलपानी, गोठाटारहुँदै मनोहर पुल भक्तपुर जाने पुरानो बाटोसम्म, उत्तरतर्फ साँखु बजार, साँखु जाने मूल सडक र दक्षिणतर्फ भक्तपुर पुरानो बाटोमा पर्ने नेपाल सैनिक प्रतिष्ठान खरिपाटीलगायत छ। काठमाडौं आग्नेयअन्तर्गत पूर्वतर्फ अरनिको राजमार्गको सूर्यविनायक चोकदेखि सूर्यविनायक वन रहेको छ।

त्यसैगरी, पश्चिमतर्फ खहरेखोला, बालकोट, बिरुवा सडक, पानी टयांकी, अमरनगरलगायतका ठाउँ छन्। उत्तरतर्फ अरनिको राजमार्गको सिमाना छ भने दक्षिणमा भक्तपुरको रानीकोट जंगलको छेउसम्म पुगेको छ। काठमाडौं नैऋत्यको पूर्वमा छ्यासीकोटदेखि फर्सिडोल, बागमती नदीको झोलुंगे पुलसम्म, पश्चिममा बागमती नदी, उत्तरमा साविकको सैंबु गाविस सिमाना, दक्षिणमा बागमती नदीसम्मको क्षेत्र छ।

काठमाडौं हरित सहरको पूर्वमा सामाखुसी, टोखा रोडहुँदै बाइपाससम्म, पश्चिममा काभ्रेस्थली बाइपास जाने मुल सडक, उत्तरमा सपनातीर्थ मालुङ हुँदै काभ्रेस्थली र दक्षिणमा ग्रिनल्याण्ड चोकदेखि मनोरथहुँदै महादेव खोलासम्मको क्षेत्र परेको छ । काठमाडौं इसानको कूल क्षेत्रफल एक लाख रोपनी भएकोमा अन्यको १० हजार रोपनी तोकिएको थियो । नयाँ सहर बनाउने योजनाअनुसार मन्त्रिपरिषद्ले त्यतिबेलै निर्णय गरेर तीन जिल्लाका मालपोत कार्यालयलाई एउटा पत्राचार गऱ्यो।

भूमाफियाले सरकारी, ऐलानी, गुठी, घाट, जंगल, तालपोखरी केही पनि छोडेनन्। जे देखे, प्लटिङ गरेर बेचिहाले । सरकारले बेलैमा ठोस कदम चालेन, जनताले पनि सुझबुझ गरेनन्। अहिले उनीहरूको पैसा पनि डुब्यो, ज्यान पनि जोखिममा पऱ्यो।

- *अनुसा थापा, भक्तपुर*



**भानुजयन्ती-शालिकमा माल्यार्पण** | २१२औं भानु जयन्तीका अवसरमा भानु घाँसी स्मृति संरक्षण पार्कले आइतबार व्यास नगरपालिका–१२ घाँसीकुवा पार्कमा आयोजना गरेको कार्यक्रममा भानुभक्त आचार्यको शालिकमा माल्यार्पण गर्दै सहभागी । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# बाढीग्रस्त रसुवागढी क्षेत्र सुनसान

## तिब्बततर्फ थुनिएको पानी खुलाउँदै चीन

■ **ज्ञानेन्द्र न्यौपाने**

**रसुवा–** चिनियाँ पक्षले उपकरणको प्रयोग गरी ल्हेन्दे खोलामा आएको बाढीले थुनिएको केरूङ खोलाको पानी खोल्न सुरु गरेको छ । ल्हेन्दे खोलाको बाढीले केरूङतर्फबाट आएको खोलाको बहाव रोकिदिएपछि सीमापारी तिब्बतर्फ जमेको पानी उपकरणका सहायताले खोल्न सुरु गरेको हो ।

स्थानीय सीमा सुरक्षा अधिकारीका अनुसार ल्हेन्दे र कुरुङ खोलाको दोभानमा ठूलाठूला ढुंगा, रुख तथा काठका मुढा थुप्रिएपछि चीनतर्फको सडकमा पानी जम्न गई ३० भन्दा बढी कन्टेनर डुबेका छन् ।

यही असार २३ गते केरूङबाट सामान लिई फर्केका ती कन्टेनर समय अभावका कारण नेपालतर्फ प्रवेश गर्न नपाएपछि तिब्बतर्फ नै थन्किएका ती कन्टेनर सोही दिन राति आएको बाढीका कारण डुबानमा परेका हुन् । स्थानीय केरुङ खोलामाथिको राजमार्गमा लामबद्ध राखिएका कन्टेनरसहित आसपासमा रहेका केही घरसमेत डुबानमा परेको सीमासुरक्षा अधिकारीहरूले जनाएका छन् ।

नेपाततर्फ रसुवा भन्सार कार्यालय हाताभित्र जाँचपास भएका तर चालक अभावका कारण काठमाडौं लैजान नसकिएका ७० वटा विद्युतीय कार, सिनो कम्पनीको छ वटा ठूला ट्रक र चालु अवस्थामा रहेका २४ वटा नेपाली कन्टेनर बगाएको प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराइले जानकारी दिए ।

यसैगरी, क्षतिग्रस्त अवस्थामा रहेका केही सवारीसाधनलाई अहिले सुरक्षित स्थानमा सार्न लागेको उनले बताए । असार २४ गते एक्कासि आएको ल्हेन्दे खोलाको बाढीले छ जना चिनियाँ, तीन जना नेपाल प्रहरी र पाँच नेपाली कामदारलाई बगाएको रसुवागढीस्थित वरिष्ठ चिनियाँ प्राविधिक वाङले जानकारी दिए ।

रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार एक चिनियाँ कम्पनीमा काम गर्नेसहित छ जना नेपाली सवारी चालकसमेत गरी जम्मा २० जनालाई बाढीले बगाएको छ । बाढीले रसुवागढीस्थित सुक्खा बन्दरगाह निर्माणमा संलग्न तिब्बत फुली कन्स्ट्रक्सको टिफर एक, सिमेन्ट घोल्ने मिक्स्चर एक, स्काभेटर एक, रोलार एक र हाइलक्स जिप एकसमेत बगाएको छ । उनले भने, 'खोलामा एक्कासी बाढी आए छ, नजिकै रहेका सुरक्षाकर्मीले सुरक्षित स्थानतर्फ जान भन्दै कराउन थाले, हामी अतालिएर भाग्यौं, भाग्न नभ्याउने केही साथीलाई बाढीले बगायो, हामी भने उम्केर घट्टेखोलातर्फ पुगी ज्यान जोगाउन सफल भयौं ।'

गोसाइँकुण्ड गाउँपालिका-२ का अध्यक्ष कामीछिरिङ तामाङले बाढी आएको सूचना पाउनासाथ भन्सार यार्डका मानिसको याद आएको सुनाए । 'डिलमा बसेर उनीहरूलाई भाग भन्दै सतर्क गरायौं । त्यसपछि जोखिममा रहेका वडावासीलाई सजक रहन अनुरोध गऱ्यौं, त्यै पनि अकल्पनीय बाढीका कारण ठूलो धनजनको क्षति हुनपुग्यो, यहाँ अहिले हामी दुःखको अवस्थामा छौं,' उनले भने ।

अध्यक्ष तामाङले समग्र क्षतिको यकीन विवरण तयार गरी बाढीपीडितलाई राहत दिन तथा काम विशेषले हाल केरुङमा रहेका नेपाली दाजुभाइलाई सकुशल घर फर्काउने वातावरण तयार गर्न सरकारको ध्यानाकर्षण गरे ।

स्थानीय पुरूषोत्तम पौडेलले 'मानसरोवर-कैलाश' दर्शन गरी फर्केका यात्रुलाई रसुवागढीस्थित मितेरी पुल बगाएपछि तातोपानी नाकाहुँदै नेपालतर्फ आउने व्यवस्था मिलाइएको बताए । यसैगरी मानसरोवर कैलाश यात्रा सम्पन्न गरी नेपालतर्फ प्रवेश गरिसकेका यात्रुलाई भने यही असार २४ र २५ गते हेलिकप्टरमार्फत गन्तव्यस्थानतर्फ पुऱ्याइएको प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले जानकारी दिए । उनका अनुसार अहिले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसम्बद्ध सुरक्षाकर्मी खोज तथा उद्धार कार्यमा जुटेका र अशक्त एवं असहायको सहयोगमा तैनाथ रहेका छन् ।

बाढीका कारण स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मका अधिकांश सडकखण्ड ध्वस्त भएपछि पूर्णरूपमा सडक अवरुद्ध भई त्यसक्षेत्रको जनजीवन सुनसान रहेको छ । वडाध्यक्ष तामाङका अनुसार अहिले रसुवागढी आसपासका क्षेत्रमा बाढीबाट पुगेको क्षतिको विवरण लिने काम सुरु भएको तथा स्थानीय बासिन्दा एवं कर्मचारी भयभीत अवस्थामा रहेका छन् । *रासस*

# खडेरीले सुक्न थाल्यो बेतना सिमसार

**बेलबारी (मोरङ)–** बेलबारी नगरपालिकास्थित बेतना सिमसार क्षेत्रमा केही महिनाअघिदेखि दिनप्रतिदिन पानीको मात्रा सुक्न थालेको छ । पानी सुकेसँगै माछा मर्न थालेका छन् भने त्यस क्षेत्र आसपासका जमिनमा सिँचाइकोसमेत समस्या भएको छ ।



लामो समयदेखि पर्याप्त पानी पर्न नसक्दा रोपाइँ हुनसकेको छैन । सोही सिमसार क्षेत्रको पानीबाट बेलबारीको सयौं बिघा जमिन सिँचाइ हुने गरेको भएता पनि यस वर्ष सिँचाइ हुन नसकेको बेलबारी-४ का वडाध्यक्ष चन्द्रबहादुर लिम्बू बताउँछन् । सिमसारको पानी ड्याम गरेर राख्ने हो भने किसानले धान रोप्न नपाउने भएकाले ड्याम खुला गरेर धान रोप्न पानी लगिएको अध्यक्ष लिम्बू बताउँछन् । पूर्वपश्चिम राजमार्गसँगै जोडिएर रहेका बेतना सिमसारमा दुईवटा पोखरी छन् । दुवै पोखरी सुक्न थालेपछि पोखरीमा रहेका माछासमेत धमाधम मर्न थालेका हुन् ।

पोखरीमा रहेको पानीको सतह घटेपछि सोही पोखरीबाट छवटा पैनी हुँदै १२ सय बिघा बढी खेतीमा गरिएको सिँचाइसमेत नहुँदा धानलगायत बालीनाली सुक्न थालेका छन् । किसानले लगाएको धानलगायत बालीनालीमा पानी नहुँदा बालीनाली सुक्न थालेको बेलबारी-४ का किसान हरिप्रसाद मिश्रले बताए । पोखरीमै रहेका जरुवा पानीका मूल र अन्यत्रबाट बगेर आउने पानीसमेत सुकेका छन् । लामो समयसम्म पानी नपरेपछि पानीको मुहान सुक्न थालेको जानकारहरू बताउँछन् ।

पछिल्लो एक महिनायता पानी नपरेपछि सबै मूलहरू सुकेका र पोखरीमा पानीको सतह घटेपछि थप चिन्ता थपिएको बेतना सिमासार सामुदायिक वन उपभोक्ता समूहका सहसचिव राजन प्रसाईं बताउँछन् । उनले पोखरीमा पानीको सतह घट्दै जानु र माछाहरू मर्न थालेपछि समस्या समाधानका लागि पहल भइरहेको बताए ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका संरक्षण अधिकृतसमेत रहेका सिमसार अध्येता गोविन्दप्रसाद पोखरेलका अनुसार सिमसार क्षेत्रमा पानीको मात्रा सुक्दै जानुमा अधिक मात्रामा पानीको प्रयोग, संरचना निर्माण, जथभावीरूपमा पानीको प्रयोग, खेती प्रणालीमा अधिक मात्रामा पानीको प्रयोगजस्ता मानवीय कारणहरू हुनसक्ने बताए ।

मोरङका सबै सिमसारहरूको अध्ययनसमेत गरेका संरक्षण अधिकृत पोखरेलका अनुसार बेतना सिमसार क्षेत्रमा आसपासका जंगल तथा ससाना खोल्साबाट आउने पानी भण्डारण गरेर बनाइएको हो । पानीलाई भण्डारण गरेर आसपासका क्षेत्रमा सिँचाइका लागि प्रयोग हुँदै आएको छ । कंक्रिटका संरचना निर्माणले पानी अडिन गाह्रो हुने उनले बताए ।

उनका अनुसार भू तथा जलसतहमा हुने नकरात्मक प्रभावका कारण पनि पानी सुक्नसक्ने हुन्छ । यस्तै, पछिल्ला वर्ष वर्षभरि पर्ने पानी एकै समयमा पर्ने र अन्य महिनामा सुक्खा हुँदा जमिन रसाउने र पानी भण्डारण हुने क्रम घट्दा पनि पोखरी तथा जलासय क्षेत्रमा पानीको मात्रा कम हुने पोखरेलले बताए । यद्यपि यस विषयमा अनुसन्धान गरिनुपर्ने उनले जोड दिए ।

अनुसन्धानकर्ता पोखरेलले आसपास पानीका मुहानहरू सुक्दा पनि बेतना सिमसारको जलासय क्षेत्रको पानी घट्न सक्ने अर्को कारणका रूपमा लिन सकिने उनले बताए । उनले पारस्थितीकीय प्रणालीहरूको पुनर्स्थापना, पानी पुनर्भरण, जलासय क्षेत्रको सुधार, पानीको दिगो उपयोगमा जोड दिए समस्या समाधान गर्न सकिने सुझाव दिए । *रासस*

# संघीय तथा प्रदेश कार्यालय नसार्न जुम्लावासीको अनुरोध

**जुम्ला (प्रस)–** लामो समयदेखि जुम्लामा रहेको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय प्रदेश राजधानी सुर्खेत नसार्न जुम्लावासीले सरकारसँग अनुरोध गरेका छन् ।

आगामी साउन १ गतेदेखि सो कार्यालय सुर्खेतमा सर्न लागेका सन्दर्भमा स्थानीय पालिकासहित संघसंगठनले सो कार्यालयसहित कुनै पनि कार्यालय नसार्न सरकारसँग अनुरोध गरेका हुन् । यसै सन्दर्भमा जुम्लामा बसेको सर्वपक्षीय बैठकले कार्यालय सार्ने निर्णय संशोधन गरी खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय जुम्लामै यथावत् राख्न सरकारसँग अनुरोध गरेको छ ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले स्थानीय जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकार भएकाहरूको बैठकले कार्यालय सार्ने निर्णयबाट जुम्लास्थित घौलिगाड बृहत् खानेपानी आयोजनासहित २० भन्दा बढी आयोजना प्रभावित हुने भएकाले सो कार्यालय नसार्न अनुरोध गरिएको स्पष्ट गरे । संयोजक आचार्यले दुर्गम तथा पिछडिएको भूगोलसहित सकारात्मक विभेदको सिद्धान्तलाई बेवास्ता गरी संघीयताको मर्म र भावनाविपरीत जुम्लामा रहेका कुनै पनि कार्यालय विस्थापित नगर्न सरकारसँग अनुरोध गरे ।

यसैगरी चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायतले संघीय सरकारसहित कर्णाली प्रदेश सरकारले पछिल्लो समय एकपछि अर्को गर्दै जुम्लामा रहेका कार्यालयहरू क्रमशः सुर्खेत सार्न लागेकामा दुःख व्यक्त गर्दै जुम्लामा रहेका कुनै पनि सरकारी कार्यालय अन्यत्र नसार्न सरकारसँग अनुरोध गरे ।

आइतबार बसेको सर्वपक्षीय बैठकले स्थानीय जिल्ला प्रशासन कार्यालयमार्फत खानेपानी मन्त्रालयलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको जानकारी दिँदै प्रमुख कठायतले जुम्लावासीको माग सम्बोधन नभएसम्म चरणबद्धरूपमा विरोधका कार्यक्रम गर्न आफूहरू बाध्य हुने बताए ।

# गोरखाको विकट पालिकामा 'टेलिमेडिसिन' सेवा

**गोरखा (प्रस)–** विकट मानिने गोरखाको धार्चे गाउँपालिकामा श्रश्यदृश्यका माध्यमबाट स्वास्थ्य उपचार गरिने 'टेलिमेडिसिन' सेवा सुरु भएको छ । गाउँपालिका, वार्मनेस्ट फाउण्डेसन, रिन्युएवल वर्ल्ड, गोरेटो गोरखा र प्रदेश अस्पताल गोरखाको सहकार्यमा उक्त सेवा सुरु गरिएको हो ।

ग्रामीण क्षेत्रको विशेषतः गर्भवती, सुत्केरी महिला तथा बालबालिकालाई लक्षित गरी उक्त सेवा सुरु गरिएको गोरेटो गारेखाको कार्यकारी निर्देशक पवनरवण खनालले बताए । उनका अनुसार संस्थाले हाल धार्चे गाउँपालिकाअन्तर्गतका सात वडामा रहेका सात स्वास्थ्यचौकीमा 'टेलिमेडिसिन सेट' स्थापना गरेर सेवा सञ्चालन गरेको छ ।

'टेलिमेडिसिनको सेटमा एउटा क्यामरा, टेलिभिजन, टेलिफोन र स्पिकर हुन्छ । धार्चेको सातवटा स्वास्थ्य चौकी र प्रदेश अस्पताल गोरखामा उक्त सेट स्थापना गरेर सेवा सुरु गरेका हौं,' उनले भने, 'ग्रामीणका बिरामीको स्वास्थ्यमा जटिलता आएमा वा स्वास्थ्य चौकीबाट सेवा सम्भव नभएमा टेलिमेडिसिनका माध्यमबाट सेवा लिन सकिन्छ ।' धार्चेको स्वास्थ्यचौकीमा बिरामी उपचारका क्रममा केही समस्याहरू देखिएमा टेलिमेडिसिनका माध्यमबाट प्रदेश अस्पतालका विशेषज्ञसँग सीधै परामर्श लिन सकिने खनालले जानकारी दिए ।

'धार्चेका जुनसुकै स्वास्थ्यचौकीमा उपचारका क्रममा केही समस्या देखिए सीधै प्रदेश अस्पतालमा सम्पर्क गर्न मिल्ने 'सिस्टम' छ । उताबाट आएको फोन अस्पतालको नर्सिङ स्टेसनले उठाउँछ समस्याअनुसार विषयगत डाक्टरसँग सम्पर्क गराइदिन्छ,' खनालले भने । टेलिमेडिसिन सेवाअन्तर्गत हाल स्वास्थ्यकर्मीको अभिमुखीकरण र केही सेटअपको काम भइरहेको उनले बताएका छन् । आगामी साउन १ गतेदेखि प्रभावकारी रूपमा सेवा सञ्चालन हुने उनको भनाइ छ ।

टेलिमेडिसिन सेवाले स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच कायम गरेको प्रदेश अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट सिद्धार्थ खनालले बताए । उनका अनुसार जिल्लामा पहिलोपटक धार्चे गाउँपालिकामा टेलिमेडिसिनको व्यवस्थित प्रयोग सुरु गरिएको हो । यसका माध्यमबाट दुर्गम क्षेत्रका नागरिकले गाउँमा विशेषज्ञ डाक्टरको परामर्शसहित उपचार पाउने उनले जानकारी दिए ।


**कतारमा रोजगार** कम्पनी : SHAI AND REQAQ

पूर्व स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 327010 | चलानी नं. ६०२४०९३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 2 | 0 | 1400 | ५२,७२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 4 | 0 | 1600 | ६०,२६२ | | | | | | | |
| 3 | Waiter | 2 | 0 | 1400 | ५२,७२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ५ गते (21th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

श्रम ईजाजत नं. १०९७/०७३/०७४



**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०३/३० (14th July,2025)**

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२।०२।३० गते दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित र मिति २०८२।०३।१९ गते दोस्रो पटक आन्तरिक श्रोत असुलीको दरभाउपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका दरभाउपत्रहरू मध्ये सबैभन्दा उच्चतम बोलअंक कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको दरभाउपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण दरभाउपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मूल्य अभिबृद्धि कर सहित) |
|---|---|---|---|---|
| १. | BM/S/SQ-01-2082/083 | बेलबारी - १ मा लाग्ने सोमबारे, २ मा लाग्ने शुक्रबारे हाटकर सङ्कलन | श्री ब्रदर्श ट्रेडर्स इटहरी | रु. ११,३५,१००।०० (अक्षरेपि एघार लाख पैतीस हजार एक सय रूपैया मात्र) |
| २. | BM/S/SQ-02-2082/083 | बेलबारी कसेनी सडक वडा नं.५, लक्ष्मीमार्ग सोह्रभाग सडक वडा नं.६ र मूल नहर सडक स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क असुली | श्री न्यू बिराट निर्माण सेवा बेलबारी - ५ | रु. ९,६०,५००।०० (अक्षरेपि नौ लाख साठी हजार पाँच सय रूपैया मात्र) |
| ३. | BM/S/SQ -03-2082/83 | रत्नमार्ग/शिसौली मार्ग/गुम्बामार्ग स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क अशुली | श्री सुमन धिमाल, बेलबारी-१ | रु. ३,०१,०००। (अक्षरेपि तीन लाख एक हजार रूपैया मात्र) |
| ४. | BM/S/SQ-10-2082/83 | किर्तिमान भाउन्ने आमतोला सडक स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क अशुली | श्री उमा इन्फ्रोटेक एण्ड सप्लायर्स प्रा.लि.कमल गा.पा.-५ झापा | रु. १५,०१,०००। (अक्षरेपी पन्ध्र लाख एक हजार रूपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक


## रूपशाला



### एकदिवसीय चलचित्र कार्यशाला

चलचित्र विकास बोर्डको सहयोगमा जनचेतना नेपालले एकदिने चलचित्र कार्यशाला आयोजना गरेको छ । गत शुक्रबार भीमसेनगोला माध्यमिक विद्यालयमा आयोजित कार्यशालामा विद्यार्थीहरूलाई सहभागी गराइएको थियो । कार्यक्रममा बोर्डका अध्यक्ष दिनेश डिसीले बोर्डका विभिन्न गतिविधिबारे जानकारी दिएका थिए ।


सोमबार, ३० असार, २०८२ (Monday, July 14, 2025)


# 'तामाङ लोककथा सँगालो' माथि परिचर्चा

■ प्रभाव संवाददाता




**काठमाडौं–** लेखक रवीन्द्र तामाङ र सोनी तामाङको संकलनमा प्रकाशित 'तामाङ लोककथा सँगालो' पुस्तकमाथि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । रत्न पुस्तक भण्डारले तेस्रो संस्करण प्रकाशनमा ल्याएको अवसरमा तामाङ पत्रकार संघले शनिबार उक्त पुस्तकमाथि अन्तरक्रिया आयोजना गरेको हो ।

बागबजारस्थित पद्मकन्या बहुमुखी क्याम्पसमा आयोजित अन्तरक्रियामा साहित्यकार फूलमान वल, पद्मकन्या बहुमुखी क्याम्पसकी सहप्राध्यापक विमला नेपाल, सोही क्याम्पसकी उपप्राध्यापक कुमारी लामा र साहित्यकार बिना थिङले पुस्तकको विभिन्न पक्षलाई लिएर आ-आफ्नो धारणा राखेका थिए । सार्वजनिक प्रसारण सेवाका बोर्ड सदस्यसमेत रहेका साहित्यकार वलले तामाङ लोक साहित्यमा यो पुस्तक कोशेढुंगा भएको बताए । 'यो तामाङ लोक साहित्यको दस्तावेज हो । रवीन्द्र तामाङले जति यस विषयमा कसैले काम गरेको देखिएन,' उनले भने ।

लेखकहरूले अबका दिनमा तामाङ लोक साहित्यमाथि कलम चलाउनुपर्ने उनको भनाइ थियो । नेपाली साहित्यका कारण तामाङ साहित्यसमेत प्रभावित भएको वलले बताए । 'हामीले बनाएको म्हेन्दोमाया नाटकमा गोले झाँक्री छन् । तर उनको श्रीमतीको थर छैन । यसले पितृसत्ता देखाउँछ । तर हाम्रो समाज यस्तो हैन । हामी केन्द्रबाट बहिस्कृत भयौं । हामीलाई राज्यले कमजोर बनायो । त्यसैले हाम्रा लोककथाहरू श्रुतिमै सीमित रहे, श्रुतिमा आधारित लोककथाहरू पुस्तान्तरण हुँदा मोडिफाइ हुने, बिर्सने र विस्तारै हराउँदै जाने सम्भावना रहन्छ,' उनले भने । तामाङ लोककथा बालबालिकाका लागि उपयोगी बनाउन सूचना प्रविधिका नयाँ प्लेटफर्महरू प्रयोग गर्नुपर्नेमा वलले जोड दिए ।

पद्मकन्या क्याम्पसकी सहप्राध्यापक नेपालले तामाङ लोककथा सँगालो तामाङको मात्र नभएर नेपालीको साझा सम्पत्ति भएको बताइन् । 'यो पुस्तक तामाङको मात्र हैन । हाम्रो पनि साझा सम्पत्ति हो यो लोककथा । कथा निकै राम्रो छ । लोककथाहरू लघुकथाभन्दा अलि ठूला छन्,' नेपालले भनिन् । उनले पुस्तकमा समेटिएका कथाहरूलाई पाठ्यपुस्तकमार्फत बालबालिकासम्म पुऱ्याउनुपर्नेमा जोड दिइन् । पुस्तकमा कथा प्रस्तुतिको शैलीसमेत फरक भेटिएको सहप्राध्यापक नेपालले बताइन् ।

साहित्यकार एवं उपप्राध्यापक लामाले पुस्तकमा सामाजिक, ऐतिहासिक र धार्मिक लोककथाहरूमा तामाङ समुदायको मौलिक कथा पाइएको बताइन् । तामाङहरूलाई राज्यले कलंकित पात्रको रूपमा प्रस्तुत गरेको इतिहास कथाहरूमा पनि पाइएको उनको भनाइ छ । साहित्कार लामाले कथामा धेरैजसो छोरा पात्र प्रधान पात्रका रूपमा राखिएकोले परिमार्जन गरी लेख्नुपर्ने सुझाव दिइन्। 'कथाको पात्रले छोरामात्र पाएको कथा छ । तामाङ सममाजमा पुत्रलाभको यस्तो मोह छ र ? यस्तो विषय अब हामीले सच्याउन आवश्यक छ,' उनले भनिन् ।

अर्का साहित्यकार थिङले सत्ताभन्दा पर रहेको अलग समाज लोकको रूपमा परिभाषित गर्दै मौखिकरूपमा भनिँदै आएको तामाङ लोककथाहरू सत्ताको प्रतिरोधका रूपमा जन्मिएको धारणा राखिन् । सामाजिक, ऐतिहासिक तथा प्रकृतिसँग जोडिएका सँगालोमा रहेका कथाहरू तामाङलाई मात्र नभएर सबैलाई छुने खालका रहेको बताइन् । 'यी कथाहरू सरल बनाएर बालबालिकाहरूले पनि पढ्ने खालका बनाउन सकिन्छ । कथा हतारमा उनिएको जस्तो देखिन्छ । शिल्पीमा अझै खेल्नुपर्ने देखिन्छ । हामीभन्दा पछिको पुस्ताका लागि यो पुस्तक अझ बढी संग्रहित हुन सक्छ,' उनले भनिन् ।

लेखक तथा संकलक तामाङले तामाङ समाजमा प्रचलित लोककथाहरूलाई जीवन्त राख्ने प्रयासस्वरूप देशभरबाट कथा संकलन गरी पुस्तकको रूपमा ल्याइएको बताए । उनले पारिवारिक कारण तामाङ भाषा संस्कृतिबाट टाढिन बाध्य हुनुपरे पनि आफू तामाङ संस्कार संस्कृतिको अध्ययन र लेखनमार्फत फर्किएको बताए । यसको श्रेय उनले कथा संकलकसमेत रहेकी जीवनसाथी सोनी तामाङलाई दिए ।

नेपाल सरकारका पूर्वसचिव धनबहादुर तामाङले पुस्तकका कथाहरूमा तामाङ समाजको तस्बिर पाइने बताए । उनले यो पुस्तक तामाङ समाजका लागि दियो भएकोसमेत टिप्पणी गरे । उनले केही कथाहरू असान्दर्भिक देखिएकाले सच्याउनुपर्ने सुझाव दिए ।

तामाङ पत्रकार संघका अध्यक्ष नेत्र तामाङले संकलकद्वयलाई बधाइ दिँदै लोककथा सँगालोमाथि धारणा राख्ने वक्ताहरूलाई धन्यवाद प्रकट गरे । कार्यक्रममा पुस्तकमा योगदान गर्ने व्यक्तिहरूलाई कदरपत्र प्रदान गरिएको थियो । यो पुस्तकको पहिलो प्रकाशक भने रुद्रसिंह तामाङ रहेका थिए । पछि वि.सं. २०७२ बाट रत्न पुस्तक भण्डारले प्रकाशन र बजारीकरण थालेको हो । तेस्रो संस्करणमा १० वटा नयाँ कथा थपिएका छन् । यससँगै पुस्तकमा २३ सामाजिक, १७ ऐतिहासिक र ३१ धार्मिक विधाका लोककथा समेटिएका छन् ।

# 'भानुभक्त मातृभाषालाई माया गर्ने साझा कवि'

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले भानुभक्त नेपाली भाषा मात्रै नभई मातृभाषालाई माया गर्ने साझा कवि भएको बताएका छन् ।

आइतबार २१२औं भानुजयन्तीका अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान र भानु साहित्य उद्यानले शीतलनिवासमा आयोजना गरेको विशेष समारोहमा राष्ट्रपतिले प्रत्येक भाषाका स्रस्टाले भानुभक्तबाट प्रेरणा लिएर आफ्नो मातृभाषामा साहित्य सिर्जना गरी नेपाली समाजलाई विविध भाषा र साहित्यको सुन्दर बगैंचाका रूपमा सिँगार्न सक्नुपर्नेमा जोड दिए । भानु साहित्य उद्यानले अघि सारेको चुँदीरम्घालाई साहित्यिक तीर्थस्थलका रूपमा विकास गर्ने अवधारणामा पनि यस्तै साझा सांस्कृतिक परिवेश निर्माण गर्ने चाहना प्रतिविम्बित गर्न उनले आग्रह गरे । 'भानुभक्तलाई केन्द्रमा राखेर नेपाली भाषाका प्रमुख र नेपालका विविध भाषाका स्रस्टालाई एकसाथ जोड्नुपर्छ, त्यसबाट साझा नेपाली संस्कृतिलाई बलियो बनाउन सकिन्छ,' उनले भने ।

भानुभक्तको जन्मस्थल चुँदीरम्घालाई विश्वभरि छरिएर रहेका नेपाली र नेपाललाई बुझ्न चाहने विश्वका मानिसले जीवनमा कम्तीमा एकपटक भ्रमण गर्नैपर्ने ठाउँका रूपमा विकास गर्न आवश्यक रहेको बताए । यसबाट उक्त स्थानको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने उनको भनाइ थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईले सबै भाषाभाषीका अग्रजहरूलाई समेट्नेगरी तनहुँमा अघि बढाइएको उद्यानजस्तै प्रज्ञा-प्रतिष्ठानभित्र त्यसप्रकारको अवधारणामा काम सुरु गर्ने लक्ष्य लिइएको बताए । त्यसका लागि स्रोत व्यवस्थापनको काम गर्ने प्रयास भइरहेको उनको भनाइ छ ।

प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाले आदिकविले लोकको हित गरुँ भनी गरेको रचना अहिलेको लोककल्याणकारी राज्यको आदर्शसँग मिल्दोजुल्दो रहेको बताए ।

# प्रा.डा. श्रेष्ठका 'अकथ्यको प्रतिध्वनि' र 'आफूलाई भुलाई' सार्वजनिक



**काठमाडौं (प्रस)–** वरिष्ठ बाल नेत्ररोग विशेषज्ञ प्रा.डा. सविना श्रेष्ठद्वारा रचना गरिएका 'अकथ्यको प्रतिध्वनि' र 'आफूलाई भुलाई' सार्वजनिक गरिएको छ । नेपाली, अंग्रेजी र नेपाल भाषामा रचना गरिएको अकथ्यको प्रतिध्वनि भित्र १०२ कैदीहरूको आत्मकथालाई जीवन्तरूपमा उतारिएको छ । 'आफूलाई भुलाई' कविता संग्रहभित्र विभिन्न ३४ कविता समावेश गरिएका छन् ।

पूर्वप्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, साहित्यकार शंकरप्रसाद कोइरालालगायतले संयुक्तरूपमा ती कृति शनिबार आयोजित समारोहमा सार्वजनिक गरेका हुन् । पूर्वप्रधानन्यायाधीश श्रेष्ठले सार्वजनिक पुस्तकले नेपाली साहित्य क्षेत्रमा नयाँ इँटा थपिएको बताए । नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक एवं वरिष्ठ साहित्यकार डा. शैलेशकुमार मिश्रका अनुसार प्रा.डा. श्रेष्ठद्वारा रचना गरिएका कृतिभित्र जीवन, जगत्, मानिस, माया र सम्बन्धका विभिन्न आयामलाई सूक्ष्म र सटिकरूपमा चित्रण गरिएका हुन्छन् ।

संघका केन्द्रीय सदस्य डा. श्रेष्ठको यसअघि 'जिन्दगी एक प्रश्न चिह्न' (२०४४), 'मनको स्पर्श' (२०५८) र नेपाल भाषामा एउटा कविता संग्रह 'सविना श्रेष्ठया चिनाखँ' (२०८०) कविता संग्रह प्रकाशित भइसकेका छन् । यस्तै उनले पूर्वप्रशासक विश्वमान श्रेष्ठको जीवनीमा आधारित पुस्तक 'एउटा जीवन छामेर हेर्दा' (२०८०) प्रकाशित गरेकी छन्। चित्रकला र गायनमा सक्रिय डा. श्रेष्ठ बाल नेत्ररोग विशेषज्ञ हुन् ।



### साफ यु-२० महिला च्याम्पियनसिप

# अन्तिम सेकेण्डमा सम्हालिन नसक्दा बंगलादेशसँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशमा जारी साफ यू-२० महिला च्याम्पियनसिपको आफ्नो दोस्रो खेलमा नेपाल बंगलादेशसँग पराजित भएको छ ।

बसुन्धरा किङ्स एरेनामा भएको खेलमा नेपाललाई बंगलादेशले ३-२ गोलअन्तरले हराएको हो । नेपालले २-० ले पछि परेको अवस्थाबाट खेल बराबरीमा ल्याएपनि इन्जुरी समयमा सम्हालिन सकेन

बंगलादेशका लागि सिन्हा शिखा, सागोरिका र श्रीमोती सरकारले १-१ गोल गरे । नेपालका अनिशा राई र मीना देउवाले १-१ गोल गरे ।

बंगलादेश पहिलो हाफमा २-० ले अगाडि थियो । सिन्हा शिखाले १४औं मिनेटमा तथा सागोरिकाले ३६औं मिनेटमा गोल गरेकी थिइन् ।

दोस्रो हाफको ५६औं मिनेटमा नेपालकी डिफेन्डर सिम्रन राई र बंगलादेशकी फरवार्ड सागोरिका हात हालाहालमा उत्रिएपछि दुवैले रातो कार्ड पाउँदा दुवै टोली १० खेलाडीमा सीमित भएका थिए ।

७७औं मिनेटमा पेनाल्टीमार्फत अनिशा राईले गोल गर्दै नेपाललाई खेलमा फर्काएकी थिइन् । ८६औं मिनेटमा मीना देउवाले गोल गर्दै नेपाललाई बराबरीमा ल्याइन् । तर इन्जुरी समयको अन्तिम मुभमा श्रीमोतीले गोल गर्दै बंगलादेशलाई जित दिलाइन् । उक्त गोल लगत्तै फाइनल ह्विसल बजेको थियो ।

नेपालले पहिलो हाफमा गोल गर्ने मुभहरू खासै बनाउन नसकेपनि दोस्रो हाफमा बंगलादेशलाई दबाबमा राखेको थियो । पहिलो खेलमा नेपालले भुटानलाई ६-१ तथा बंगलादेशले श्रीलंकालाई ९-१ गोलअन्तरले हराएका थिए ।

# आदिलसहित ३२ खेलाडी बन्द प्रशिक्षणमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले ट्वान्टी-२० विश्वकप एसियाली तथा पूर्वी एसियाली क्षेत्रीय छनोट प्रतियोगिताको तयारीका लागि अलराउन्डर मोहमद आदिल अन्सारीसहित ३२ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ ।

नेपाल टी-२० क्रिकेट लिग प्रतियोगिता दौरान स्पट फिक्सिङ गरेको आरोपमा आदिललाई २८ महिना प्रतिबन्ध लगाइएको थियो । तर, २२ बैशाखमा उनीमाथि लागेको प्रतिबन्ध फुकुपवा गरिउको थियो । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)का अनुसार नेपालले छनोट प्रतियोगिताअन्तर्गत पहिलो चरणको प्रतिस्पर्धामा कुवेत र जापानको सामना गर्नेछ । नेपाल रहेको समूह 'बी'मा कुवेत र जापान छन् ।

**बन्द प्रशिक्षणमा परेका खेलाडी**

रोहितकुमार पौडेल, कुशल भुर्तेल, अनिलकुमार शाह, आसिफ शेख, भीम सार्की, लोकेश बम, कुशल मल्ल, आरिफ शेख, सन्दीप जोरा, विवेक यादव, गुल्सनकुमार झा, सन्दीप लामिछाने, नन्दन यादव, करण केसी, सोमपाल कामी, रिजन ढकाल, प्रतीश जिसी, ललितनारायण राजवंशी, कमलसिंह ऐरी, साहब आलम, सागर ढकाल, आकाश चन्द, दीपेन्द्रसिंह ऐरी, रूपेश सिंह, अर्जुन घर्ती, युवराज खत्री, किरण ठगुन्ना, मोहम्मद आदिल अलाम, पवन सराफ, शेर मल्ल, शुभ कंसाकर

### एन्फा यू-१६ युथ लिग

# दर्जन गोल गर्दै मछिन्द्र शीर्षस्थानमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** एन्फा यु-१६ युथ लिगमा सातदोबाटो युवा क्लबमाथि १२-१ को फराकिलो जित हासिल गर्दै मछिन्द्र क्लब अंकतालिकाको शीर्ष स्थानमा उक्लिएको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा सम्पन्न दिनको दोस्रो खेलमा मछिन्द्रका आठ खेलाडीले स्कोरसीटमा नाम लेखाए । मछिन्द्रका लागि विकास थापाले ह्याट्रिक गर्दा गोविन्द विक र राहुल कुमार योञ्जनले समान दुई गोल गरे ।

त्यस्तै कोन्जोक लामा, सौगात मगर, जनक विक, सुमन ठकुरी र करण धामीको नाममा समान एक गोल रह्यो । सातदोबाटोका लागि युवराज बुढाथोकीले गरेको गोल सान्त्वना मात्र बन्यो ।

जितसँगै मछिन्द्र चार खेलमा १० अंक जोड्दै शीर्ष स्थानमा उक्लिएको हो । लगातार चौथो पराजय बेहोरेको सातदोबाटो तालिकाको पुछारमा छ । सहभागी १४ टोलीमध्ये सबैले कम्तिमा पनि एक खेल जितिसकेको छ । सातदोबाटोको अवस्था भने दयनीय छ । चार खेलमा २८ गोल खाँदा सातदोबाटोले मात्र एक गोल गर्न सकेको छ ।

दिनको पहिलो खेलमा जावलाखेल युवा क्लबले श्री भगवती क्लबमाथि २-१ को पुनरागमन जित हासिल गऱ्यो । लिगमा जावलाखेलको दोस्रो जित हो । हालका लागि जावलाखेल सातौं स्थानमा उक्लिएको छ । तेस्रो हार बेहोरेको श्री भगवती आठौं स्थानमा झरेको छ । श्री भगवतीले मात्र एक खेल जितेको छ । दिनको तेस्रो खेलमा हिमालयन शेर्पा क्लब र न्युरोड टिम (एनआरटी)ले एकअर्कासँग प्रतिस्पर्धा गरेका छन् ।



बेलायतको लण्डनमा भएको विम्बल्डन टेनिस च्याम्पियनसिपमा महिला एकलतर्फको उपाधि हात पारेकी पोल्याण्डकी इगा स्वाटेक ट्रफीसहित पोज दिँदै । उनले संयुक्त राज्य अमेरिकाकी अमान्डा एनिसिमोभालाई पराजित गर्दै उपाधि जितेकी हुन् । *तस्बिरः सिन्ह्वा*

# स्पेसएक्सले एक्सएआईमा दुई अर्ब अमेरिकी डलर लगानी गर्ने

**न्युयोर्क–** एलन मस्कको स्पेसएक्सले आफ्नो आर्टिफिसियल इन्टेलिजेन्स कम्पनी एक्सएआईमा दुई अर्ब अमेरिकी डलर लगानी गर्न सहमत भएको कम्पनीनिकट लगानीकर्तालाई उद्धृत गर्दै वाल स्ट्रिट जर्नलले शनिबार जनाएको छ ।

मोर्गन स्टेनलीले गत महिना घोषणा गरेको एक्सएआईको पाँच अर्ब डलरको 'इक्विटी फण्ड' जम्मा गर्ने एक हिस्साका रूपमा यो लगानी गरिएको रिपोर्टमा उल्लेख छ । यो स्पेसएक्सको एक्सएआईमा पहिलो ज्ञात लगानी हो र अर्को कम्पनीमा यसको सबैभन्दा ठूलो लगानी हो ।

मस्कले एआई सञ्चालनलाई प्रोत्साहन गर्न आफ्नो व्यापार साम्राज्यलाई बारम्बार परिचालन गरेका छन् । मस्कको लगानीको एक्स एआई (एक अग्रणी एआई अनुसन्धान र परिनियोजन कम्पनी च्याटजिपिटी प्लेटफर्म सिर्जना गर्नका लागि प्रसिद्ध) ओपन एआईसँग प्रतिस्पर्धा गरिरहेको छ ।

यस वर्षको सुरुमा उनले एआई अनुसन्धान प्रयोगशाला एक्सएआईलाई सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एकीकृत गरी ग्रोकको पहुँच बढाउने प्रयासलाई अघि बढाएका थिए । यो सहकार्यले नयाँ कम्पनीको मूल्य ११३ अर्ब डलर पुगेको रिपोर्टमा उल्लेख छ ।

मस्कले ग्रोकलाई 'विश्वको सबैभन्दा स्मार्ट एआई' को संज्ञा दिएका छन् । यसले स्पेसएक्सको उपग्रह इन्टरनेट सेवा, स्टारलिंकको लागि ग्राहक-समर्थन सुविधाहरूलाई सहयोग गर्छ । एआई च्याटबोट ग्रोक ४ को बुधबारको रिलीजको क्रममा, मस्कले टेस्लाको 'अप्टिमस फि्लट' जस्तै 'हच्युमनोइड रोबोट'हरूमा 'ग्रोक एम्बेड' गर्ने आफ्नो संकेत प्रकट गरेका छन् ।

मस्कका प्रतिनिधिले भविष्यमा स्पेसएक्स र एक्सएआईबीच थप व्यावसायिक साझेदारी हुने बताएका छन् । *रासस/एएफपी*

# बालुवा–धुलोको आँधीले विश्वव्यापी ३३ करोड मानिसमा असर

## वार्षिक ७० लाखको अकाल मृत्यु



**जेनेभा–** संयुक्त राष्ट्रसंघको विश्व मौसम विज्ञान संगठन (डब्ल्युएमओ) को हालैको एक प्रतिवेदनले जलवायु परिवर्तनले तीव्र बनाएको बालुवा र धुलोको आँधीले गम्भीर स्वास्थ्य र वातावरणीय समस्याहरू निम्त्याउँदै १५० देशका ३३ करोडभन्दा बढी मानिसलाई असर गरिरहेको खुलासा गरेको अल जजिराले जनाएको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले शनिबार बालुवा र धुलोको आँधीसँग लड्ने अन्तर्राष्ट्रिय दिवस मनाउँदै सन् २०२५-२०३४ लाई बालुवा र धुलोको आँधीसँग लड्ने संयुक्त राष्ट्रसंघको दशकका रूपमा घोषणा गरेको छ । 'यी आँधीहरू हाम्रो समयको सबैभन्दा बेवास्ता गरिएका तर व्यापक पहुँच भएका विश्वव्यापी चुनौतीहरूमध्ये एक बन्दै छन्... यी जलवायु परिवर्तन, भूमिको क्षरण र अस्थिर अभ्यासहरूद्वारा सञ्चालित छन्,' महासभाका अध्यक्ष फिलेमोन याङले भने ।

डब्ल्युएमओका महासचिव सेलेस्टे साउलोले यी आँधीहरूको प्रभाव दृश्यताका समस्याहरूभन्दा धेरै व्यापक भएको कुरामा जोड दिए । उनले यसले जनस्वास्थ्यलाई उल्लेखनीयरूपमा असर गरेको र कृषि, यातायात र सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जा स्रोतहरूमा बाधा पुर्‍याएको उल्लेख गरे ।

अल जजिराका अनुसार याङले बालुवा र धुलोको आँधीबाट हावाबाट हुने कणहरू मुख्यतया श्वासप्रश्वास र हृदय रोगका कारण प्रत्येक वर्ष लगभग ७० लाख समयपूर्व मृत्युसँग जोडिएको बताए । यी आँधीले बालीको उत्पादन २५ प्रतिशतसम्म घटाउन सक्छ, भोकमरी बढाउन सक्छ र जबरजस्ती बसाइँसराइमा योगदान पुर्‍याउन सक्छ ।

संयुक्त राष्ट्रसंघका लागि डब्ल्युएमओका प्रतिनिधि लौरा प्याटरसनले पनि यस मुद्दाको परिमाणलाई चित्रण गर्दै वार्षिक रूपमा दुई अर्ब टन धुलो वायुमण्डलमा छोडिने बताए । उनका अनुसार यो गिजाको महान् पिरामिडको लगभग ३०० वटाको बराबर द्रव्यमान भएको बताए । उनका अनुसार यस धुलोको ८० प्रतिशतभन्दा बढी उत्तरी अफ्रिका र मध्यपूर्वको मरुभूमिबाट उत्पन्न हुन्छ तर हजारौं किलोमिटर यात्रा गरेर यसको स्रोतबाट टाढाका क्षेत्रहरूलाई असर गर्दछ ।

यसैबीच, संयुक्त राष्ट्रसंघका उपमहासचिव तथा पश्चिमी एसियाका लागि आर्थिक तथा सामाजिक आयोगका प्रमुख रोला दश्तीले आर्थिक क्षति आश्चर्यजनक रहेको बताए । मध्यपूर्व र उत्तरी अफ्रिकामा मात्रै बालुवा र धुलोको आँधीसँग जुध्न वार्षिक लागत एक खर्ब ५० अर्ब अमेरिकी डलर वा यस क्षेत्रको कूल गार्हस्थ उत्पादन (जिडिपी) को २.५ प्रतिशत हुने अनुमान गरिएको अल जजिराले जनाएको छ ।

दश्तीले अरब क्षेत्रको विशेष गरी कठोर वसन्त मौसमलाई औंल्याउनुभयो । इराकमा आँधीहरूले अस्पतालहरू र कुवेत र इरानमा यस्तै घटनाहरू विद्यालय र कार्यस्थलहरू बन्द गर्न बाध्य तुल्यायो । सहारा मरुभूमिबाट निस्कने धुलो क्यारेबियन र फ्लोरिडासम्म पुगेको पत्ता लगाइएको छ । अल जजिराका अनुसार नेचरमा प्रकाशित अनुसन्धानलाई उद्धृत गर्दै अमेरिकामा धुलो र हावाको क्षरणबाट हुने क्षति सन् २०१७ मा एक खर्ब ५४ अर्ब अमेरिकी डलर पुगेको छ । यो सन् १९९५ को तुलनामा चार गुणा बढी हो ।

डब्ल्युएमओ र विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले बढ्दो स्वास्थ्य संकटको चेतावनी दिँदै भनेका छन्, 'सन् २०१८ र सन् २०२२ को बीचमा विश्व जनसंख्याको आधाका नजिक अर्थात करिब तीन अर्ब ८० करोड अर्ब मानिस डब्ल्युएचओ सुरक्षास्तरभन्दा माथिको धुलोको सघनताको सम्पर्कमा आएका थिए । यो सन् २००३ र सन् २००७ को बीचमा दुई अर्ब ९० करोड मानिसबाट बढेको छ । *रासस/एएनआई*

# मेक्सिको र इयूलाई ३० प्रतिशत कर लगाउने ट्रम्पको घोषणा



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिको र युरोपेली संघ (इयू)लाई लक्षित गर्दै ३० प्रतिशत कर वृद्धि गरिएको घोषणा शनिबार गरेका छन् ।

राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गरिएको औपचारिक पत्रमा भनेका छन्, 'करसम्बन्धी यी दुवै घोषणा अगस्ट १ देखि लागू हुने छन् । राष्ट्रपति ट्रम्पले संयुक्त राज्य अमेरिकामा अवैध लागुपदार्थको प्रवाहमा मेक्सिकोको भूमिका र इयूसँगको व्यापार असन्तुलनलाई करवृद्धि गर्नुपर्नाको कारणको रूपमा उल्लेख गरेका छन् ।

इयूले यो घोषणाको तीव्र आलोचना गर्दै यसले आपूर्ति शृंखलामा खलल पुर्‍याउने चेतावनी दिएको छ, तर समय सीमाभन्दा अगाडि नै सम्झौतामा वार्ता जारी राख्ने बताएको छ । गत जनवरीमा राष्ट्रपतिमा फर्केपछि ट्रम्पले आफ्ना प्रतिस्पर्धी र सहयोगीहरूलाई लक्षित गरी व्यापक कर वृद्धि गरेका छन् । यसले वित्तीय बजारलाई तहसनहस बनाएको छ र विश्वव्यापी आर्थिक मन्दीको भय बढाएको छ ।

ट्रम्प प्रशासनले व्यापारिक साझेदारहरूलाई कर लागू हुने मितिभन्दा पहिले सम्झौताहरू सुरक्षित गर्न दबाब दिइरहेको छ । अहिलेसम्म अमेरिकी अधिकारीहरूले बेलायत र भियतनामसँग दुईवटा सम्झौतामात्र गरेका छन् भने चीनसँग अस्थायीरूपमा प्रतिशोधात्मक (टिट फर टयाट) करलाई घटाएका छन् ।

ट्रम्पले घोषणा गरेको मेक्सिकोका लागि नयाँ शुल्क यस वर्षको सुरुमा मेक्सिकोका सामानमा लगाएको २५ प्रतिशत करभन्दा बढी हुने छ, यद्यपि अमेरिका-मेक्सिको-क्यानडा सम्झौता (युएसएमसिए) अन्तर्गत संयुक्त राज्य अमेरिका प्रवेश गर्ने उत्पादनहरूलाई छुट दिइएको छ । 'मेक्सिकोले मलाई सीमा सुरक्षित गर्न सहयोग गरिरहेको छ, तर मेक्सिकोले जे गरेको छ, त्यो पर्याप्त छैन,' ट्रम्पले मेक्सिकोका राष्ट्रपति क्लाउडिया शेनबामलाई लेखेको पत्रमा भनेका छन् ।

उनले अगाडि भनेका छन्, 'सन् २०२५ अगस्ट १ देखि हामी संयुक्त राज्य अमेरिकामा पठाइएका मेक्सिकोका उत्पादनहरूमा ३० प्रतिशत थप कर लिनेछौं ।' युरोपेली संघसँग वार्ता जारी रहँदा ट्रम्पले अप्रिलमा सार्वजनिक गरेको २० प्रतिशत करको तुलनामा इयूको शुल्क पनि निकै बढी हो ।

### आपूर्ति शृंखलामा खलल पुग्ने

युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले एक विज्ञप्ति जारी गर्दै भनेकी छन्, 'इयूको निर्यातमा ३० प्रतिशत कर लगाउँदा एटलान्टिक महासागरका दुवैतर्फका व्यवसाय, उपभोक्ता र बिरामीलाई हानि पुग्नेगरी आवश्यक ट्रान्साटलान्टिक आपूर्ति शृंखलामा खलल पुग्ने छ ।'

उनले भनिन्, 'हामी अगस्ट १ सम्ममा सम्झौताका लागि काम गर्न तयार छौं । साथै, हामी इयूको हितको रक्षाका लागि आवश्यक सबै कदम चाल्नेछौं, जसमा आवश्यक परेमा समानुपातिक प्रतिकारको उपाय अपनाउने उपाय पनि समावेश छ ।'

युरोपेली संघ र अन्य दर्जनौं अर्थतन्त्रमाथि बुधबारदेखि अमेरिकी करको स्तर १० प्रतिशतको आधार रेखाबाट वृद्धि गर्ने तयारी गरिएको थियो तर ट्रम्पले यो समय सीमालाई अगस्ट १ सम्मका लागि पछाडि सारेका थिए । यस हप्ताको सुरुदेखि नै ट्रम्पले २० भन्दा बढी देशलाई पत्र पठाउँदै क्यानडाका लागि ३५ प्रतिशत करसहित प्रत्येकका लागि अद्यावधिक शुल्क लगाएका छन् । एक अमेरिकी अधिकारीले एएफपीलाई बताएअनुसार युएसएमसिएको छुट क्यानडाका लागि रहने अपेक्षा गरिएको थियो ।

ब्रसेल्सले २० प्रतिशत कर फिर्ता हुन नदिन वासिङ्टनसँग सम्झौता गर्न तयार रहेको शुक्रबार जनाएको छ । ट्रम्पले यस वर्षको सुरुमा स्टिल र आल्मुनियमको आयातमा छुट्टाछुट्टै कर लगाएपछि इयूले करिब २१ अर्ब युरो बराबरको अमेरिकी सामानमा प्रतिशोधात्मक कर लगाउने तयारी गरेको थियो । युरोपेली अधिकारीहरूले निलम्बन लम्ब्याउन कुनै कदम चालेका छैनन् तर आवश्यक परेको खण्डमा चाँडै गर्न सक्ने छन् ।

एटलान्टिक काउन्सिलका अन्तर्राष्ट्रिय अर्थशास्त्रका अध्यक्ष जोश लिप्सकीले भने, 'सम्झौताका लागि सबै आन्दोलनको बावजुद, यो खतराले इयू विश्वका लगभग सबै देशजस्तै अनिश्चितताको घेरामा रहेको देखाउँछ ।'

उनले एएफपीसँग भने, 'अबको बाटो इयूले कस्तो प्रतिक्रिया दिन्छ भन्नेमा निर्भर गर्दछ र यो व्यापार युद्धको अहिलेसम्मको सबैभन्दा अनिश्चित क्षणमध्ये एक हो ।' *रासस/एएफपी*

## फ्रान्सको 'कडा असहमति'




**पेरिस–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली संघमा ३० प्रतिशत कर लगाउने घोषणाको विरोध गर्दै युरोपेली हितको दृढतापूर्वक रक्षा गर्न इयूको वार्ता समूहलाई आग्रह गरेका छन् । ट्रम्पले मेक्सिको र युरोपेली संघमाथि अगस्ट १ देखि लागू हुनेगरी ३० प्रतिशत कर वृद्धि हुने घोषणा गरेका छन् ।

उक्त घोषणाप्रति फ्रान्सको 'कडा असहमति' व्यक्त गर्दै म्याक्रोँले अगस्ट १ सम्ममा दुवै पक्ष सहमतिमा पुग्न असफल भएमा 'सबै उपकरण परिचालन गरेर विश्वसनीय प्रतिकारको तयारीलाई तीव्रता दिन' आग्रह गरेका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'अगस्ट १ सम्ममा पारस्परिकरूपमा स्वीकार्य सम्झौतामा पुग्न तीव्र हुने वार्तामा फ्रान्सले युरोपेली आयोगलाई पूर्ण समर्थन गर्दछ । यसले युरोपेली संघ र संयुक्त राज्य अमेरिकाजस्ता व्यापारिक साझेदारहरूले एकअर्काप्रति गर्नुपर्ने सम्मानलाई प्रतिबिम्बित गर्दछ ।'

यसअघि शनिबार युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले ट्रम्पले अगस्ट १ देखि लागु गर्ने भनिएको नयाँ करको सम्बन्धमा आलोचना गरेकी थिइन् । युरोपेली आयोगकी प्रमुख भोन डेर लेयेनले एक विज्ञप्ति जारी गर्दै भनेकी छन्, 'इयूको निर्यातमा ३० प्रतिशत कर लगाउँदा एटलान्टिक महासागरका दुवैतर्फका व्यवसाय, उपभोक्ता र बिरामीलाई हानि पुग्नेगरी आवश्यक ट्रान्साटलान्टिक आपूर्ति श्रृंखलामा खलल पुग्ने छ । हामी अगस्ट १ सम्ममा सम्झौताका लागि काम गर्न तयार छौं । साथै, हामी इयूको हितको रक्षाका लागि आवश्यक सबै कदम चाल्ने छौं, जसमा आवश्यक परेमा समानुपातिक प्रतिकारको उपाय अपनाउने उपाय पनि समावेश छ ।'

युरोपेली संघ र अन्य दर्जनौं अर्थतन्त्रमाथि बुधबारदेखि अमेरिकी करको स्तर १० प्रतिशतको आधार रेखाबाट वृद्धि गर्ने तयारी गरिएको थियो तर ट्रम्पले शनिबार यो समय सीमालाई अगस्ट १ सम्मका लागि पछाडि सारेका थिए । ट्रम्पले मेक्सिको र युरोपेली संघ (इयू)लाई लक्षित गर्दै ३० प्रतिशत कर वृद्धि गरिएको घोषणा शनिबार गरेका हुन् ।

इयूले यो घोषणाको तीव्र आलोचना गर्दै यसले आपूर्ति श्रृंखलामा खलल पुर्‍याउने चेतावनी दिएको छ, तर समय सीमाभन्दा अगाडि नै सम्झौतामा वार्ता जारी राख्ने बताएको छ । राष्ट्रपति ट्रम्पले युरोपलाई ३० प्रतिशत कर लगाउने धम्की दिएपछि जर्मनीको औद्योगिक निकायले शनिबार वासिङ्टन र इयूलाई बढ्दो व्यापार द्वन्द्वको छिटो समाधान गर्न आग्रह गरेको थियो । 'राष्ट्रपति ट्रम्पको यो घोषणा एटलान्टिक महासागरका दुवैतर्फका उद्योगका लागि सचेतनाको आह्वान हो,' जर्मन इन्डस्ट्रिज फेडेरेसन (बिडिआई) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'इयू र संयुक्त राज्य अमेरिकाको नजिकको रूपमा जोडिएको दुई आर्थिक क्षेत्रहरू बीचको व्यापार द्वन्द्वले आर्थिक पुनरुत्थान, आविस्कार र अन्ततः अन्तर्राष्ट्रिय सहयोगमाथिको विश्वासलाई हानि पुर्‍याउँछ,' बिडिआईका एक वरिष्ठ अधिकारी वुल्फगाङ निडरमार्कले भने । महासंघले जर्मन सरकार, युरोपेली आयोग र अमेरिकी प्रशासनलाई तत्काल समाधान खोज्न र तनाव बढ्न नदिन आग्रह गरेको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२९०० | प्रति तोला – ० | प्रति तोला – २२८५ |



**सुख्खा बन्दरगाह**

काठमाडौंको दक्षिणी क्षेत्र चोभारमा रहेको चोभार सुख्खा बन्दरगाह । अहिले यहाँ सयौं सवारी साधन रहेका छन् । नेपाल–भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनाअन्तर्गत निर्माण भएको यस सुख्खा बन्दरगाहमा भन्सार जाँच पासका लागि नयाँ सवारीसाधन आउने क्रम बढिरहेको छ ।
*तस्बिरः गोपाल दाहाल/रासस*

## वेतन कर्णाली आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** वेतन कर्णाली सञ्चयकर्ता जलविद्युत् कम्पनी लिमिटेडद्वारा कर्णाली नदीमा निर्माणाधीन ४३९ मेगावाट क्षमताको वेतन कर्णाली जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आज उक्त आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको हो । ऊर्जासचिव सुरेश आचार्यले कम्पनीका प्रमुख प्रशासकीय अधिकृत (सिइओ) कृष्णप्रसाद आचार्यलाई अनुमतिपत्र हस्तान्तरण गरे ।

सचिव आचार्यले आयोजना निर्माणको कामलाई समयमै सम्पन्न गर्न आग्रह गरे । वर्षौंदेखि अनुमति प्रक्रिया रोकिँदा निर्माण अगाडि बढ्न नसकेर उत्पादक, लगानीकर्ता र सञ्चयकर्ताहरू निराश भइरहेका बेला ऊर्जामन्त्री दीपक खड्काको निर्देशनपछि भारतीय अप्पर कर्णाली हाइड्रोपावरसँग समन्वय गरी अनुमति प्रदान गरिएको त्यस अवसरमा जानकारी दिइयो ।

अनुमतिपत्र प्रदान कार्यक्रममा मन्त्रालयका सहसचिव, विद्युत् विभागका महानिर्देशकका साथै प्रतिनिधिसभा सदस्य हृदयराम थानी,



शेरबहादुर कुँवर, पुष्पबहादुर शाहलगायतको उपस्थिति रहेको थियो ।

उत्पादन अनुमतिपत्र ग्रहण गर्दै कम्पनीका सिइओ आचार्यले यसअघि रहेका जटिलताहरू कूटनीतिक पहलबाट समाधान गर्दै अनुमति दिन महत्त्वपूर्ण भूमिका खेल्नुभएकामा ऊर्जामन्त्री, सचिवलगायत लगानी बोर्डलाई धन्यवाद दिए । उनले आयोजनालाई निर्धारित समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उक्त आयोजनामा कर्मचारी सञ्चयकोष, नेपाल विद्युत् प्राधिकरण र विद्युत् उत्पादन कम्पनी लिमिटेडबाट क्रमशः १५, १० र १० प्रतिशत लगानीसहित कुल लागत करिब रु ९३ अर्ब रहने अनुमान गरिएको छ । बाँकी ४० प्रतिशत कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता तथा राष्ट्रसेवक कर्मचारी र २५ प्रतिशत स्थानीय तथा अन्य नागरिकको लगानी रहनेछ ।

## काठमाडौं महानगरले ल्यायो २५ अर्ब ७६ करोडको बजेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ का लागि काठमाडौं महानगरपालिकाले रु २५ अर्ब ७६ करोड ४३ लाख बराबरको बजेट ल्याएको छ ।

महानगरका उपप्रमुख सुनिता डंगोलले आइतबार काठमाडौं महानगरपालिका नगरसभाको १७औँ अधिवेशनमा आगामी आर्थिक वर्षको विनियोजन पेस गरेकी हुन् । 'आगामी आर्थिक वर्षका लागि आर्थिक विकास, कार्यालय सञ्चालन तथा प्रशासनिक, पूर्वाधार विकास, सामाजिक विकास र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रबाट सञ्चित कोषमा भार पर्ने खर्च रु २५ अर्ब ११ करोड ४३ लाख ११ हजार र जग्गा एकीकरण आयोजनाहरू तथा अन्य निकायबाट प्राप्त हुने कार्यक्रमका लागि खर्च रकम रु ६५ करोड सञ्चित कोषमा भार नपर्ने गरी कुल रु २५ अर्ब ७६ करोड ४३ लाख ११ बराबर विनियोजन गरिएको छ', उपप्रमुख डंगोलले भनिन् । बजेटको स्रोतमध्ये काठमाडौं महानगरपालिकाको आन्तरिक आय र बैंक मौज्दातबाट रु २० अर्ब १२ करोड ६४ लाख व्यहोरिने जनाइएको छ ।

यसैगरी, नेपाल सरकार तथा प्रदेश सरकारबाट ससर्त तथा समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त हुने रु चार अर्ब ९८ करोड ७९ लाख ४१ हजार बराबर रकमलाई पनि बजेटको स्रोतमा देखाइएको छ । आगामी आवका लागि राजस्व संकलन प्रभावकारी बनाउन नयाँ करदाता पहिचान गर्ने, कारोबार हुने स्थलमा नै गएर समन्वय गर्नेलगायत नीति अवलम्बन गरिने जनाइएको छ । महानगरले आगामी पुस मसान्तसम्म करको दायरामा आउने करदाताका लागि छुटको व्यवस्था पनि ल्याएको छ । यस्तै, महानगरले उठाउने बहाल करलाई एकद्वार प्रणालीमा आबद्ध गर्न संघीय सरकारसँग समन्वय गरिने जनाइएको छ ।

## मौद्रिक नीति सकारात्मकः चेम्बर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ल्याएको मौद्रिक नीति सकारात्मक र वित्तीय सहजीकरण गर्ने खालको भएको नेपाल चेम्बर अफ कमर्सले जनाएको छ । मौद्रिक नीतिले आर्थिक पुनःउत्थान एवं सहज कर्जा प्रवाहमार्फत वित्तीय क्षेत्र चलायमान हुने विश्वास चेम्बरले व्यक्त गरेको हो ।

चेम्बरद्वारा जारी प्रेस विज्ञप्तिमा मौद्रिक नीतिले राखेको १२ प्रतिशत कर्जा विस्तारको लक्ष्य पूरा गर्न सकिए हालको अधिक तरलता समस्या समाधान हुने जनाएको छ । 'ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई साढे छ प्रतिशतबाट घटाएर छ र नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाएर साढे चार प्रतिशत कायम गरिएको छ । यसले बजारमा तरलता व्यवस्थापन र ब्याजदर बढ्न नदिने विश्वास छ', विज्ञप्तिमा भनिएको छ ।

निजी आवासीय घर निर्माण तथा खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रू दुई करोडबाट बढाएर रू तीन करोड कायम गरिने मौद्रिक नीतिमा उल्लेखित व्यवस्थालाई पनि चेम्बरले स्वागत गरेको छ । त्यस्तै, कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्थाले घरजग्गा क्षेत्रको व्यवसायमा विस्तार हुने र यसले अर्थतन्त्र चलायमान बनाउन सघाउ पुऱ्याउने चेम्बरको ठहर छ । हाउजिङ तथा रियलस्टेट व्यवसायमा प्रवाह गरिएको कर्जाको पुनःतालिकीकरण एवं पुनःसंरचना गरिने मौद्रिक नीतिमा उल्लेखित व्यवस्थालाई पनि चेम्बरले सकारात्मक भनेको छ । त्यस्तै, निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाको लागि मौद्रिक नीतिमा गरिएका व्यवस्थाहरू स्वागतयोग्य रहेको विज्ञप्तिमा उल्लेख छ ।

'चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउसलगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा आवश्यकतानुसार परिमार्जन गरिने व्यवस्था सकारात्मक रहेको चेम्बरले ठहर गरेको छ', विज्ञप्तिमा भनिएको छ ।

## कर्पोरेट

### महालक्ष्मी बैंकको स्वतन्त्र सञ्चालकमा ठाकुर नियुक्त



**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकको स्वतन्त्र सञ्चालकमा अश्वीनीकुमार ठाकुर नियुक्त भएका छन् । बैंकको असार २० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार उनलाई स्वतन्त्र सञ्चालकमा नियुक्त गरिएको हो ।

आइतबार बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच ठाकुरले पदबहाली गरेका छन् । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा १४(३) मा भएको व्यवस्थाबमोजिम ठाकुरको नियुक्ति भएको बैंकले जानकारी दिएको छ ।

नवनियुक्त सञ्चालक ठाकुरसँग नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक, राष्ट्रिय जीवन बिमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत तथा मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडलगायतका संगठित संस्थाहरूको बोर्ड सदस्यको जिम्मेवारीमा रही कार्य गरेको अनुभव रहेको छ ।

### रक्तदान गरेर मनाइयो सिटी एक्सप्रेसको वार्षिकोत्सव

**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनि ट्रान्सफरले १९औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कमलादीस्थित केन्द्रीय कार्यालय प्रांगणमा शुक्रबार 'रक्तदान जीवनदान- हामी सबैको योगदान'



भन्ने नाराका साथ कार्यक्रम आयोजना गरिएको हो ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खुला रक्तदान कार्यक्रम आयोजना गरेको जानकारी दिएको छ । वार्षिकोत्सवको अवसरमा कम्पनीले वर्षको उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कृत गरेको थियो । उक्त कार्यक्रममा सिटी एक्सप्रेसका ब्राण्ड एम्बेसडर तथा चर्चित हास्यकलाकार जितु नेपालको पनि उपस्थिति रहेको थियो ।

### नेपाल लाइफद्वारा बाल अस्पताल निर्माण गर्न एक करोड सहयोग




**काठमाडौं (प्रस)–** नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले बाल स्वास्थ्यमा काम गरिरहेको गैरनाफामूलक संस्था काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) लाई एक करोड रूपैयाँ सहयोग गरेको छ । काठमाडौंमा अस्पताल भवन निर्माणका लागि संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत उक्त आर्थिक सहयोग प्रदान गरिएको कम्पनीलले जनाएको छ ।

किओचको कार्यालयमा आयोजित एक कार्यक्रममा सो सम्बन्धी दुई संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थका संस्थापक अध्यक्ष डा. भगवान कोइराला र नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले हस्ताक्षर गरे ।

बूढानीलकण्ठ नगरपालिका-७ मा 'हब' अस्पतालका रूपमा बहुविशिष्टीकृत बाल अस्पताल किओच-काठमाडौंको निर्माण कार्य अन्तिम चरणमा रहेको छ । अस्पतालको मूल भवनको निर्माण कार्य जारी रहँदा बिरामी बालबालिकालाई सेवा प्रदान गर्ने कार्य सुरु गर्न र बाल स्वास्थ्य तथा नसर्ने रोगहरूका सम्बन्धमा अनुसन्धान अघि बढाउनका लागि क्लिनिकल रिसर्च बिल्डिङ निर्माण भई कार्य आरम्भ भइसकेको जानकारी दिइएको छ ।

### सांग्रिला बैंकद्वारा विद्यार्थीलाई स्टेसनरी वितरण



**काठमाडौं (प्रस)–** सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले विपन्न समुदायका विद्यार्थीलाई स्टेसनरी सामग्री वितरण गरेको छ । बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गुह्येश्वरीस्थित बाल सारथी एकेडेमीका विद्यार्थीलाई कापी, पेन्सिललगायत स्टेसनरी सामग्री वितरण गरिएको बैंकले जानकारी दिएको छ ।

एकेडेमीमा आयोजित कार्यक्रममा यस सांग्रिला डेभलपमेन्ट बैंकको मार्केटिङ विभाग प्रमुख अर्पणा बज्राचार्यले विद्यार्थीहरूलाई स्टेसनरी सामग्री प्रदान गरिन् ।

एकेडेमीमा आर्थिक रूपमा विपन्न तथा परिवारबाट टाढा रहेका बालबालिकालाई अध्ययन अध्यापन गराइरहेको एकेडेमीकी अध्यक्ष डा. माला खरेलले जानकारी दिइन् ।

## नेप्से परिसूचकमा २९ अंकको उछाल

**काठमाडौं (प्रस)–** आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति सार्वजनिक भएपछिको कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उल्लेख्य सुधार देखिएको छ । बैंक र लघुवित्त कम्पनीहरूको सेयरमा लगानीकर्ता चासो देखिएको छ ।

आइतबार नेप्से परिसूचक २९ अंकले बढेर दुई हजार ७६० दशमलव ८० बिन्दुमा कायम भएको छ । कारोबारमा ३११ कम्पनीको तीन करोड २५ लाख ९२ हजार ३० कित्ता सेयर एक लाख पाँच हजार ४१५ पटक खरिदबिक्री हुँदा रू ११ अर्ब ४१ करोड ६४ लाख २८ हजार ४६७ बराबरको कारोबार भएको छ ।

सबैभन्दा धेरै बैंकिङ समूह तीन दशमलव ३७ र लघुवित्त समूह तीन दशमलव ५० प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक एक दशमलव ४७, वित्त एक दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ४८, जीवन बिमा शून्य दशमलव ०२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३१ र म्युचुअल फन्ड एक दशमलव ०८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । जलविद्युत् शून्य दशमलव ८३, लगानी शून्य दशमलव ०८, निर्जीवन बिमा शून्य दशमलव ३४, व्यापार शून्य दशमलव २६ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ ।

बक्यौता चुक्ता गर्ने बारे
अत्यन्त जरूरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही असार मसान्तसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ